का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १९, अंक ३३७
- १६ माघ २०७८, आइतबार
- 30 January 2022, Sunday

www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला।




## लयमा फर्किएको फुटबल

एघार वर्षपछि नेपालले मैत्रीपूर्ण अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिता जितेको छ । सन् २०११ मा भुटानलाई हराएको नेपालले शनिबार मरिससविरूद्ध घरेलुमैदानमा जित निकालेको छ ।

**मुकन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १५ माघ

अफ्रिकी मुलुक मरिससलाई नेपालले अन्तर्राष्ट्रिय मैत्रीपूर्ण फुटबलमा हराएको छ। शनिबार घरेलु मैदान दशरथ रंगशालामा नेपालले मरिससलाई १-० गोल अन्तरले पराजित गरेको हो। नेपालको जितमा स्ट्राइकर बिमल घर्तिमगरले निर्णायक गोल गरे। विस्तृत समाचार पृष्ठ ७ मा



## गठबन्धनको निर्णय

# जेठमै स्थानीय चुनाव

चर्को दबाव खेपिरहेको सत्तारुढ गठबन्धन आगामी जेठभित्रै स्थानीय चुनाव गराउन सहमत भएको छ । शनिबार बालुवाटारमा बसेको बैठकले जेठभित्रै स्थानीय चुनाव गर्ने र त्यसका लागि आवश्यक ऐन संशोधन गर्ने निर्णय गरेको छ ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १५ माघ ।

सत्तारुढ गठबन्धन आगामी जेठमा चुनाव गराउन तयार भएको छ । तीन तहको चुनाव एकैपटक गराउनुपर्ने जोड दिदैं आएको गठबन्धन जेठमै चुनाव गराउन सकारात्मक बनेको हो। शनिबार दोश्रो पटक बसेको गठबन्धनको बैठकले आगामी जेठमै चुनाव गर्न सरकारलाई सुझाव दिएको हो ।

"स्थानीय तहको निर्वाचन जेठ महिनाभित्र गर्न सत्तारुढ दलको बैठकमा प्रधानमन्त्री मार्फत् सरकारलाई सुझाव दिएको छ", सरकारका प्रवक्ता ज्ञानेन्द्रबहादुर कार्कीले भने । संविधानसँग बाझिएका ऐन संशोधन गर्ने र निर्वाचन आयोगसँग छलफल गरेर मिति तोक्ने तयारी गर्ने सुझाव दिएको कार्कीले बताए । देशलाई संविधानसम्मत ढंगले अगाडि बढाउन र लोकतान्त्रिक मूल्य अनुरुप आवधिक निर्वाचन गराउन गठबन्धन प्रतिबद्ध रहेको प्रवक्ता कार्कीले बताएका छन् ।

गठबन्धनको यूटर्न

सत्तारुढ दल नेपाली कांग्रेसका नेताहरुबाट समयमै स्थानीय तहको चुनाव गराउन दबाव आएपछि सत्तागठबन्धन आफ्नो निर्णयबाट पछि हटेको छ । विशेषगरी प्रधानमन्त्री शेरबहादुर देउवालाई कांग्रेसका नेता गगन थापा, विश्वप्रकाश शर्मा लगायत नेताहरुले तोकिएकै समयमा चुनाव गराउन दबाव दिएपछि जेठमै चुनाव हुने भएको हो ।



बालुवाटारमा शनिबार साँझ बसेको सत्ता गठबन्धनको बैठकमा सहभागी नेताहरु । तस्वीरः रोशन सापकोटा

प्रधानमन्त्री देउवाले अटेर गरेको अवस्थामा पार्टीका नेताहरुले विशेष महाधिवेशन बोलाएर देउवालाई हटाउनसक्ने खतरा बढेकाले उनी चुनावका लागि तयार भएको राजनीति विश्लेषक विष्णु दाहाल बताउँछन् । "देउवा चुनावबाट ब्याक हुँदा उनलाई पार्टीका गगन थापा लगायत नेताले विशेष महाधिवेशन बोलाएर हटाउन सक्ने भए । तसर्थ उनी चुनावका लागि तयार भएका हुन्", विश्लेषक दाहाल भन्छन् ।

अहिले पनि एमालेको जनादेशमाथि रहेको हुँदा तत्काल निर्वाचन गरेर नेताहरु सांसद बन्न चाहेको पनि उनको भनाई छ। स्थानीय निर्वाचन असोजमा गनुपर्छ भन्नेमा जोड दिएका नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले पनि चुनावमा जान आफूहरु तयार रहेको बताएका छन्। "चुनावसँग हामी आत्तिएका छैनौं । चुनाव यही वैशाखमै हुन्छ भने पनि हामी हामी सामना गर्न तयार छौं। चुनाव यदि जेठमा हुन्छ भने पनि हामी सामना गर्न तयार छौं । असारमा गर्ने हो भने सामना गर्न तयार छौं। असोजमा गर्ने हो भने सामना गर्न तयार छौं" उनी भन्छन् ।

नेता नेपाल मात्रै होइन, माओवादी केन्द्रका नेता पनि समयमै चुनाव गराउनुपर्नेमा सकारात्मक देखिएका छन् । तर, केही – बाँकी पृष्ठ २ मा

## राष्ट्रपति

# सधैं विवादित

सत्तारुढ गठबन्धन राष्ट्रपति विद्यादेवी भण्डारीको पत्रप्रति रुष्ट बनेको छ । स्थानीय चुनावबारे राष्ट्रपति भण्डारीले लेखेको पत्रलाई लिएर गठबन्धन रुष्ट बनेको हो ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १५ माघ ।

राष्ट्रपति विद्यादेवी भण्डारी फेरि विवादित बनेकी छन् । शनिबार बिहान बसेको सत्तारुढ गठबन्धनको बैठकले राष्ट्रपति भण्डारीको कदमप्रति आपत्ति जनाएको छ । राष्ट्रपति भण्डारीले स्थानीय चुनाव गराउन भन्दै सरकारलाई सात बुँदे पत्र लेखेकी थिइन् । स्थानीय चुनाव तोक्न दबाव दिन लेखिएको पत्रको भाषाप्रति सत्ता गठबन्धनका नेताहरु रुष्ट बनेका हुन् ।



"राष्ट्रपति भण्डारीले आफ्नो क्षेत्राधिकार भुल्नुभएको छ । कार्यकारी हुने रहर देखियो", गठबन्धनका एक नेता भन्छन् । ती नेताका अनुसार, राष्ट्रपति भण्डारीले चुनाव गराउन सचेत गराउने भन्दा पनि सरकारलाई आरोप लगाउनेगरी पत्र लेखिएको छ । राष्ट्रपति भण्डारीले लेखेको पत्रमा भनिएको छ, "स्थानीय निर्वाचनबारे अलमल वा कुनै अन्योल आवश्यक छैन । जुन-जुन तहका कार्यकाल जुनजुन समयमा सकिन्छ, त्यसैलाई ध्यानमा राखेर अघि बढ्ने हो भने समस्या नै देखिदैन", पत्रमा भनिएको छ ।

मिडियामा आएको चर्चालाई आधार मानेर राष्ट्रपतिले पत्र लेख्नु गलत भएको सत्तारुढ गठबन्धनको बैठकले निष्कर्ष निकालेको छ । राष्ट्रपति भण्डारीले गठबन्धनको नियतमाथि प्रश्न उठाएकी छन् ।

"..आज मात्रै महान्यायाधिवक्ता खम्बबहादुर खातीलाई कोट गरेर दुई ऐन संशोधन गर्ने लागिएको खबर आएको छ । स्थानीय तह ऐन-२०७३ र स्थानीय सरकार सञ्चालन ऐन-२०७४ संशोधन गर्ने तयारी भएको भनी प्रकाशित समाचारहरुले निर्वाचनबारे अनिश्चय बढाएका छन्", राष्ट्रपतिको पत्रमा उल्लेख छ ।

राष्ट्रपति भण्डारीले विपक्षी दल नेकपा एमालेलाई सहयोग पुग्नेगरी कमजोर तथ्यमा टेकेर पत्र लेखेको गठबन्धनको आरोप छ । एक नेताका अनुसार, यो पत्रले गठबन्धनका नेताहरुले ठोस् कदम चाल्ने तयारी गरेको छ । अर्थात् राष्ट्रपति भण्डारी फेरि विवादित बन्ने संभावना बढेको छ । बितेको वर्ष यता राष्ट्रपति भण्डारीको चर्को आलोचना भइरहेको छ ।

एमालेका अध्यक्ष केपी शर्मा ओलीले प्रधानमन्त्रीको हैसियतमा गरेको असंवैधानिक प्रतिनिधिसभा विघटनको निर्णयलाई साथ दिएको आरोप राष्ट्रपतिमाथि लागेको थियो । ओलीले एक पटक नभएर दुई पटक गरेको असंवैधानिक प्रतिनिधिसभा विघटनको निर्णयलाई राष्ट्रपतिले अनुमोदन गरेकी थियन् । त्यसबेला संविधान नपढेकी राष्ट्रपतिले यसपटक समाचार – बाँकी पृष्ठ २ मा

# प्रमुख वैदेशिक रोजगार गन्तव्यमा संक्रमण नियन्त्रणमा

**मध्यान्ह सम्वाददाता**
काठमाडौं, १५ माघ

नेपाली कामदार जाने मुख्य श्रम गन्तव्य खाडीका देशहरुमा पनि कोरोना संक्रमण दर निरन्तर घट्दै गएको छ । कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोनको लहरका कारण कोरोना संक्रमण बढ्दै गएपछि लागू गरिएका स्वास्थ्य सुरक्षाका मापदण्ड भने यथावत् छन् ।

विदेशबाट यात्रा गर्ने यात्रुलाई पनि स्वास्थ्य सुरक्षाको मापदण्ड कडा पारेका कारणले संक्रमण दर घटेको स्थानीय सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन् ।

कतारमा दैनिक संक्रमित संख्या घटेको छ । जनवरी २२ मा ३ हजार ८७ संक्रमित देखिएको कतारमा जनवरी २८ मा आइपुग्दा उक्त संख्यामा एक हजार भन्दा धेरैले कमी आई संक्रमितको संख्या एक हजार ७ सय ४३ मा सीमित भएको छ । कोरोना संक्रमण घटे पनि कतारले स्वास्थ्य सुरक्षाका मापदण्डमा कडाइसाथ पालना गर्न जोड दिएको छ । कोरोनाविरूद्धको खोपले ओमिक्रोन भेरियन्टको लहर रोक्न प्रभावकारी भूमिका खेलेको भन्दै बुस्टर डोज लगाउन सरकारले आग्रह गरेको कतारका सञ्चारमाध्यमहरूले उल्लेख

**वैदेशिक रोजगार विशेष**

गरेका छन् ।

कतारस्थित नेपाली दूतावासले रोजगारी तथा आफ्नो पेशासँग सम्बन्धित नियमित कामकाज वा अत्यावश्यक काम परेको अवस्था बाहेक सामाजिक भेटघाट तथा जमघट नगर्न नेपालीलाई आग्रह गरेको छ । नेपाली कामदारको अर्को मुख्य श्रम गन्तव्य साउदी अरबमा पनि पछिल्लो समय कोरोना संक्रमण केही घटेको छ । शनिबार दैनिक संक्रमितको संख्या चार हजार भन्दा तल झरेको छ । विगत २४ घण्टाको अवधिमा दुई जनाको मात्र कोभिडका कारणले मृत्यु भएको भन्दै साउदी गजेटले ४ हजार २ सय ८४ जना उपचार पछि घर फर्केको उल्लेख गरेको छ ।

साउदी अरबले घरबाट बाहिर निस्किँदा वा कार्यस्थलमा अनिवार्य मास्क लगाउनुपर्ने र डेढ मिटरको दूरी कायम गर्न भनेको छ ।

पछिल्लो समय कुवेतमा भने कोरोना संक्रमितको संख्या बढेको छ। संक्रमितको संख्यामा वृद्धि भएपछि कुवेत सरकारले थप कडाइ गरेको छ। शुक्रबार मात्रै ६ हजार नौ सय संक्रमित थपिएको कुवेतमा निको हुने दर ९० प्रतिशतभन्दा माथि रहेको बताइएको छ ।

यस्तै कुवेत प्रवेश गर्ने सबै यात्रुको यात्रा गर्नु भन्दा ७२ घण्टा अघिको पीसीआर नेगेटिभ रिपोर्ट साथमा हुनुपर्ने छ। कुवेत सरकारले कोरोना भाइरसविरुद्धको बुस्टर डोज खोप लगाउन समेत अनुरोध गरेको छ ।

यता यूएईमा पनि कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोन नियन्त्रणमा रहेको बताइएको छ । यूएईको स्वास्थ्य मन्त्रालयले शनिबार २ हजार ३ सय ५५ संक्रमित भेटिएको भन्दै १ हजार १ सय १९ जना संक्रमित निको भएको र पाँच जनाको मृत्यु भएको बताएको छ । शनिबारसम्म जम्मा ६३ हजार ३ सय २८ सक्रिय संक्रमित रहेको स्थानीय सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन् । यूएई सरकारले स्वास्थ्य सुरक्षामा कडाइ जारी राखेको छ ।

# फेरि स्थगित

एमालेको अवरोध र कोरोनाकै कारण प्रतिनिधिसभाले कानून निर्माणदेखि जनताका समस्याबारे छलफल गर्न सकेको छैन ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ माघ ।

प्रतिनिधिसभाको बैठक फेरि स्थगित भएको छ । कोरोना महामारीको संक्रमण बढेर गएकाले बैठक स्थगित गरिएको संसद सचिवालयले जनाएको छ । आइतबार प्रतिनिधिसभाको बैठक बोलाइएको थियो । तर शनिबार सूचना जारी गर्दै संसद् सचिवालयले बैठक स्थगित भएको जानकारी दिएको छ ।

"..प्रतिनिधिसभाको बैठक कोभिड-१९ को संक्रमणको जोखिम यथावत रहेको कारण उक्त दिन र समयमा बस्न नसक्ने भएकोले प्रतिनिधिसभा नियमावली, २०७५ को नियम ६ को उपनियम (३) बमोजिम सम्मानीय सभामुखज्यूले मिति २०७८ साल माघ २६गते बुधबार दिउँसो दिनको १:०० बजे बैठक बस्ने गरी निर्धारण गर्नुभएको व्यवहोरा ....", पत्रमा उल्लेख छ। अर्था प्रतिनिधिसभा बैठक दश दिन पर सरेको छ ।

यसअघि पनि प्रतिनिधिसभा बैठक लगातार स्थगित हुँदै आएको छ । प्रमुख विपक्षी दल नेकपा एमालेको अवरोधका कारण बैठक स्थगित हुँदै आएको छ । दशौं संसद् अधिवेशन गएको मंसिर २८ गतेदेखि बस्दै आएको छ । तर एमालेको अवरोधका कारण संसदको कामकार्बाही नियमित चल्न सकेको छैन । एमालेले सभामुख अग्निप्रसाद सापकोटाको राजीनामा अथवा नेकपा एकीकृत समाजवादीलाई दलीय अस्तित्वमा राख्न नहुने अडान लिदै आएको छ। एमालेको अवरोधका कारण अवरुद्ध हुँदै आएको प्रतिनिधिसभा बैठक फेरि कोरोनाको कारण देखाएर दश दिन पर धकेलिएको छ ।

एमालेको अवरोध र कोरोनाकै कारण प्रतिनिधिसभाले कानून निर्माणदेखि जनताका समस्याबारे छलफल गर्न सकेको छैन। जनप्रतिनिधिहरुले सरकारलाई जनताको समस्याबारे ध्यानाकर्षण गराउने थलो संसद् बन्धक बन्दै गएको छ । अझ स्थानीय तह सम्बन्धी ऐन संशोधन अगाडि बढाउने तयारी भएकाले पनि संसद् फेरि प्रभावित हुने खतरा देखिन्छ।

गएको वर्ष ५ पुसमा नेकपा – बाँकी पृष्ठ २ मा

**कोरोना अपडेट**

| | |
|---|---|
| संक्रमित | : ४,९०४ |
| परीक्षण | : १४,५६२ |
| मृत्यु | : ६ |
| निको हुने | : ५,९२४ |

# विपद् न्यूनीकरण गर्न सरकार क्रियाशील : गृहमन्त्री

**काठमाडौं/मस**–गृहमन्त्री बालकृष्ण खाँणले प्राकृतिक विपद्‌लाई विज्ञान र सीपको प्रयोग गरेर न्यूनीकरण गर्न सरकार क्रियाशील रहेको बताएका छन् ।

भर्चुअल माध्यममा भएको विपद् न्यूनीकरणसम्बन्धी कार्यक्रममा शनिबार गृहमन्त्री खाँणले प्राकृतिक विपद्‌बाट नागरिकलाई बचाउन सबैको हातेमालो जरुरी रहेको बताए ।



मुलुकका ७७ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारी भर्चुअल माध्यमबाट जोडिएको कार्यक्रममा गृहमन्त्री खाँणले पुर्खाले अवलम्बन गर्दै आएका परम्परागत सीपको प्रयोग विपद् जोखिम न्यूनीकरणमा लगाउनसमेत आग्रह गरे । गृहमन्त्री खाँणले भवन निर्माणको मापदण्ड पालना गर्न आग्रह गरे । पहाडमा जथाभावी खनेर बाटो बनाएका कारण जोखिम बढेको र नयाँ निर्माणले पुरानो संरचनामा जोखिम ल्याएकाले त्यसलाई कसरी घटाउने भन्नेबारेमा सरकार लागिरहेको बताए ।

गरिब तथा अशक्तलाई तराईमा शीतलहर र हिमालमा हिमपातबाट बचाउन सक्रियरूपमा लाग्न प्रमुख जिल्ला अधिकारीलाई गृहमन्त्री खाँणले निर्देशन दिए । उनले कोभिड-१९ बाट बच्न स्वास्थ्य मापदण्ड पालना गर्नसमेत उनले आग्रह गरे ।

कार्यक्रममा गृहसचिव टेकनारायण पाण्डेले पूर्वसूचना प्रणालीजस्ता नवीन प्रविधिहरूको प्रयोग विपद्‌को न्यूनीकरणमा लगाउन आवश्यक रहेको बताए । समयमै सानो सावधानी अपनाएमा ठूलो विपद्‌बाट जोगिन सक्ने उनको भनाइ थियो । यस विषयमा मन्त्रालय सकारात्मक रहेको गृहसचिव पाण्डेले बताए ।

# ज्येष्ठ नागरिकलाई ‘बुस्टर’ डोज

**काठमाडौं/मस**–सरकारले ६० वर्षमाथिका ज्येष्ठ नागरिकलाई कोरोना भाइरसविरुद्धको ‘बुस्टर’ डोज दिन थालेको छ ।



भाइरसविरुद्धको खोप लगाएको छ महिना पूरा भएका ६० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकलाई बुस्टर डोज दिन थालिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सहप्रवक्ता डा.समीरकुमार अधिकारीले जानकारी दिए । स्वास्थ्यमन्त्री विरोध खतिवडाको अध्यक्षतामा शुक्रबार बसेको मन्त्रिस्तरीय बैठकको निर्णयअनुसार ७७ जिल्लाका जिल्ला स्वास्थ्य कार्यालयलाई खोप लगाउनका लागि पत्र पठाएको थियो ।

विश्व स्वास्थ्य संगठन (डब्लूएचओ)को स्ट्राटेजिक एडभाइजरी ग्रुप अफ एक्सपर्ट अन इमुनाइजेसनको यही माघ ७ गते र राष्ट्रिय खोप सल्लाहकार समितिको माघ १२ गतेको सिफारिसका आधारमा मन्त्रालयले ज्येष्ठ नागरिकलाई बुस्टर डोज दिन थालेको हो ।

बुस्टर डोजअन्तर्गत पहिलो र दोस्रो मात्रा कोभिसिल्ड, एस्ट्राजेनिका, मोडर्ना, फाइजर वा भेरोसेल लगाएकालाई कोभिसिल्ड वा एस्ट्राजेनिका खोप दिने, पहिलो मात्रा खोप लगाएकालाई दोस्रो मात्रा दिन सोही खोप नभएमा कोभिसिल्ड वा एस्ट्राजेनिका दिन मन्त्रालयले पत्राचार गरेको छ ।

यस्तै विदेशमा पहिलो मात्रा कोभिसिल्ड, अस्ट्राजेनिका, भेरोसेल, मोडर्ना, फाइजर खोप लगाएकाको हकमा दोस्रो मात्राका रुपमा कोभिसिल्ड, अस्ट्राजेनिका खोप प्रदान गर्नसमेत अनुरोध गरिएको छ । मन्त्रालयले माघ २ गतदेखि पहिलो चरणमा अग्रपंक्तिमा काम गर्नेलाई बुस्टर डोज प्रदान गरेको थियो । अहिलेसम्म बुस्टर डोज दुई लाख ९९ हजार नौ जनालाई लगाइएको छ ।

छुटेका विद्यार्थीलाई खोप

काठमाडौं महानगरपालिकाले १२ देखि १७ वर्ष उमेर समूहका यसअघि छुटेका विद्यार्थीलाई शनिबारदेखि खोप लगाउन थालेको छ । खोप कार्यक्रमका लागि कामपाले परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल र वीरेन्द्र सैनिक अस्पताललाई तोकेको छ । कामपाका शिक्षा अधिकारी रामप्रसाद सुवेदीका अनुसार यसअघिको अभियानमा छुटेका उक्त उमेर समूहका विद्यार्थीले आफ्नो विद्यालय, नजिकको स्वास्थ्य केन्द्र र सामुदायिक स्वास्थ्य क्लिनिकसँग समन्वय गरी खोप लगाउन सक्नेछन् । खोप लगाउन उमेर खुल्ने कागजात साथमा लिएर जानुपर्नेछ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले यही माघ १० गते जारी गरेको सूचनाअनुसार शनिबारदेखि माघ २० गतेसम्म विद्यार्थीका लागि खोप कार्यक्रम सञ्चालन गर्नेअनुरुप कामपाले खोप कार्यक्रमका लागि स्थान निर्धारण गरेको हो । कोराना महामारीका कारण अहिले देशभरिका विद्यालय बन्द छन् । खोप कार्यक्रमका लागि विद्यालय खोले पनि पठनपाठनका लागि भने वैकल्पिक शिक्षण सिकाइलाई निरन्तरता दिन कामपाले सबै विद्यालयलाई अनुरोध गरेको छ ।

हाल कामपामा १२ देखि १७ वर्ष उमेर समूहका झण्डै ६५ हजार बालबालिका छन् । झण्डै ५० हजारले पहिलो चरणको खोप प्राप्त गरेको शिक्षा अधिकारी सुवेदीले जानकारी दिए । हाल कामपामा ९० सामुदायिक विद्यालय छन् भने ५०० भन्दा बढी निजी विद्यालय छन् ।

## काष्ठ व्यवसायीहरुको एकता र हकहितका लागि देवदह संस्था गठन




**रेशम अधिकारी, मध्यान्ह**
देवदह, १५ माघ

काष्ठ र फर्निचर व्यवसायीहरुको व्यवसायीबीच एकता र हकहितका लागि देवदहमा ‘देवदह बुद्ध मावली काष्ठ संघ’ गठन गरिएको छ ।

रुपन्देही क्षेत्र नम्बर १ तथा सुनवल नगरपालिका वडा नम्बर ७ र ८ मा छरिएर व्यवसाय गर्दै आइरहेका काष्ठ व्यवसायीको भेलाले रचना स-मिल तथा फर्निचरका सञ्चालक टिका प्रसाद पौडेल राजुको अध्यक्षतामा ९ सदस्यीय तदर्थ कार्यसमिति गठन गरेको हो ।

समितिको वरिष्ठ उपाध्यक्षमा चन्द्र आशिष स-मिल एण्ड फर्निचरका सञ्चालक चन्द्रबहादुर अधिकारी, उपाध्यक्षमा माथागढी स-मिलका सञ्चालक पदम ढुंगाना, सचिवमा शिवा स-मिलका शिव कुमार धावल, सह-सचिवमा एस. एस. सप्लायर्स एण्ड ट्रेडिङका सन्तोष थापा र कोषाध्यक्षमा श्री दाउन्ने फर्निचर उद्योगका सञ्चालक हरी भण्डारी सर्वसम्मत चयन भएका छन् ।

त्यस्तै वरिष्ठ सदस्यमा लाफा ट्रेड एण्ड सप्लायर्सका सञ्चालक खेम बहादुर चौहान, सदस्यमा न्यू गणेश स-मिलका सञ्चालक विध्याराम चौधरी र युनिक फर्निचर तथा फर्निसिङ्ग शोरुमका सञ्चालक सन्दिप ढुंगाना चयन भएका छन् । तदर्थ कार्यसमितीले सल्लाहकार समिति समेत मनोनित गरेको छ । सल्लाहकारहरुमा देवदह नगरपालिकाका प्रमुख, रोहिणी गाउँपालिकाका अध्यक्ष, ओमसतिया गाउँपालिका वडा नं. ६ का वडा अध्यक्ष, सुनवल नगरपालिका वडा नं. ७ र ८ का वडा अध्यक्ष, वन सञ्जालका अध्यक्ष, शितलनगर सव डिभिजन वन कार्यालयका प्रतिनिधि तथा व्यवसायी निलकण्ठ पौडेललाई मनोनयन गरेको सचिव शिव प्रसाद धवलले मध्यान्हलाई जानकारी दिए । त्यस्तै कानुनी सल्लाहकारमा लिलाधर मरासीनी र प्रेस सल्लाहकारमा देवदह टेलिभिजनका स्टेसन म्यानेजर सुशील सापकोटालाई मनोनित गरिएको सचिव धवलले बताए ।

संस्थाका अध्यक्ष टिका प्रसाद पौडेलले व्यवसायीहरुको एकता र हकहितका लागि संस्था गठन गरिएको उल्लेख गर्दै स्वस्थ व्यवसायीक वातावरण सृजना गर्दै काष्ठ व्यवसायलाई मर्यादित बनाउने उद्देश्यमा देवदह बुद्ध मावली काष्ठ व्यवसायी संघ सदैव केन्द्रित रहने प्रतिवद्धता समेत व्यक्त गरे । कार्यसमितिले संस्थापक, साधारण, आजीवन, मानार्थ र व्यवसायीक गरी ५ प्रकारका सदस्यताको प्रावधान अगाडि सारेको जानकारी गराउँदै विधान निर्माण र दर्ता प्रक्रिया छिट्टै सम्पन्न गरिने सचिव धावलले बताए ।

## महमा अखाद्य मिसाइ व्यवसाय गर्नेलाई कारवाहीको माग

**काठमाडौं/मस**– नेपाली महको पहिचान गुम्ने गरी नाजायज मुनाफा लिने उद्देश्यले अखाद्य वस्तु मिसाएर व्यवसाय गरेको भन्दै हालै केंद्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले गरेको कारवाहीप्रति नेपाल केन्द्रीय मह व्यवसायी संघले स्वागत गरेको छ । सिआइबीले काठमाडौं महानगरपालिका-२७ ज्याठामा मह व्यवसायको नाममा एक व्यवसायीले अखाद्य तत्व मिसाई मह भनी अखाद्य वस्तु विक्री वितरण गर्ने कारखानामा छापा मारेको कार्यले गलत कार्य गर्नेहरु निरुत्साहित भइ वास्तविक महको कारोवार गर्ने व्यवसायीलाई उत्साहित गरेको संघले विज्ञप्तिमार्फत विश्वास व्यक्त गरेको छ ।



व्यवसायको नाममा उपभोक्ताको स्वास्थ्य माथि खेलवाड गर्ने अपराधीलाई कानूनको कठघरामा उभ्याई सजाय दिलाउनसमेत संघले विज्ञप्तिमार्फत माग गरेको छ । आर्थिक उपार्जन, रोजगारी सिर्जना, जनताको जीवनस्तरमा सुधार र जीविकोपार्जनका साथै कृषि जैविक विविधता एवं पर्यावरण संरक्षणसँग प्रत्यक्ष रुपमा योगदान पुर्‍याई एग्रीकल्चर, हर्टीकल्चर र फरेष्ट्रीको उत्पादन र उत्पादकत्वसँग समेत गाँसिएको मौरीपालन व्यवसायलाई संस्थागत गर्दै लैजाने सरकारको लक्ष्यलाई यस्ता गलत क्रियाकलाप र प्रचारले असर पर्ने भएकाले सबैले गम्भीर हुनुपर्नेमा पनि संघले आग्रह गरेको छ ।

महको गुण र फाइदाबारे सही जानकारी दिनु पर्नेमा सो विषयलाई लिएर केही सञ्चार माध्यमले नकारात्मक प्रचारप्रसार गरेको हुँदा त्यसले मौरी र मह व्यवसायी, व्यवसायमा संलग्न कृषक र उपभोक्तामा पर्न गएको भ्रमप्रति संघको ध्यानाकर्षण भएको जनाएको छ ।

विज्ञप्तिमा केही सञ्चार माध्यममा महबाट क्यान्सर समेत हुन्छ भनी भ्रमपूर्ण समाचार प्रचारप्रसार हुनु दुःखद् कुरा भएको भन्दै यस्ता भ्रामक र नकारात्मक प्रचारले सिंगो मौरीपालन व्यवसाय, मह व्यवसायी र यसमा संलग्न कृषकलाई धक्का पुगी उपभोक्तामा मह सेवन गर्न नै शंका उत्पन्न भएकामा चिन्ता व्यक्त गरिएको छ । गुणस्तरीय मह उत्पादन गर्ने व्यवसायीलाई प्रोत्साह गर्न र गलत क्रियाकलाप गर्नेमाथि कडा कारवाहीको माग गर्दै संघले कृषि तथा पशुपक्षी विकासमन्त्री महेन्द्रराय यादवसहित मन्त्रालयका सचिव तथा कृषि विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र नेपाल उद्योग वाणिज्य महासंघलाई समेत ज्ञापनपत्र दिएको छ ।

ज्ञापनपत्रमा कृषकको ठूलो लगानी रहेको मौरीपालन व्यवसायलाई धरासाही हुनुबाट जोगाउन, बजारमा बिना लेबल बिक्री वितरण भइरहेका महबारे छानबिन गरी बिक्री वितरण रोक्न, गुणस्तरीय मह उत्पादन गर्ने र लेबललाई अध्यावधिक गर्ने व्यवसायीलाई प्रोत्साहन गर्न तथा उपभोक्तामा गुणस्तरीय मह पहिचान गरी मह सेवन गर्ने वातावरण सिर्जना गर्न माग गरिएको छ ।

### गठबन्धनको ...

विश्लेषकले भने जेठमा चुनावको मिति तय गरेपनि त्यसलाई लम्ब्याउने सम्भावना देखिएको बताएका छन् । असोजमा स्थानीय तहको चुनाव गराउनुपर्छ भन्दै आएको सत्ता गठबन्धन जेठमा स्थानीय तहको चुनाव गराउन तयार भएपछि विभिन्न खालका प्रश्नहरु उब्जिएका छन् आगामी असोजमा तीन तहकै निर्वाचन एकैपटक गर्नुपर्छ भन्ने माग राख्दै आएको गठबन्धन एकाएक जेठमै चुनाव गराउन तयार भएपछि निर्वाचन आयोग तयारी अवस्थामा निर्वाचन आयोगले केही दिनअघि मात्रै विज्ञप्ती नै जारी गरेर बैशाखमा चुनावको मिति प्रस्ताव गरेको थियो ।

तर, गठबन्धनले भने आयोग कसैको दबाव र प्रभावमा परेको भन्दै जेठमा चुनाव गर्न नसकिने बताएको थियो । तर, गठबन्धन तयार भएसँगै निर्वाचन आयोग पनि तयारीमा जुट्ने भएको छ । चुनावका लागि आवश्यक तयारी गर्न कुनै समस्या छैन, हामीले भर्खरै गएको राष्टियसभा चुनाबाट पनि धेरै अनुभव लिईसक्यौ, हामी तयारी अवस्थामै छौँ, आयोगका प्रवक्ता शालिग्राम पौडलले जानकारी दिए । उनले कोरोना बढेपनि स्वास्थ्य मापदण्डका विषयमा समेत छलफल गरेर चुनाव गराउनसकिने प्रतिबद्धता व्यक्त गरे ।

### राष्ट्रपति...

स्रोतहरुलाई आधार मानेर पत्र लेखेकी छन् । जसले फेरि विवादमा तानिएकी छन् । यसअघि पनि राष्ट्रपति भण्डारी लगातार विवादमा पर्दै आएका छन् ।

### फेरि ..

एमालेका अध्यक्ष केपी शर्मा ओलीले प्रधानमन्त्रीको हैसियतमा प्रतिनिधिसभा विघटनको निर्णय गरेपछि नै संसदले नियमित काम गर्न सकेको छैन ।

## बेसिशहर–चामे सडकखण्डको अनुगमन

**नविन अंकुर/मध्यान्ह**
मनाङ, १५ माघ

वर्षायाममा बाढीपहिराले क्षति पुर्‍याएर मर्मत गरी सञ्चालन भएको मनाङको मेरुदण्ड बेसिशहर-चामे सडकखण्डको अनुगमन गरिएको छ ।

प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद आचार्य, डुम्रे-बेसिशहर-चामे सडक योजना कार्यालय लमजुङका प्रमुख अच्युतविलास पन्त, इन्जीनियर सुमन अधिकारीलगायत प्राविधिक टोलीले आज सडकखण्डको अनुगमन गरेका हुन् ।

अध्ययन तथा अनुगमनपश्चात उक्त टोलीले एक मात्र गण्डकी प्रदेशसँग जोड्ने सडकखण्डलाई बहुवर्षीय योजनाका रूपमा विकास गर्नुपर्नेमा जोड दिएका हुन् ।

अनुगमनका क्रममा बाढीपहिराका कारण सडक क्षेत्रको माटो झर्ने, माटो कमसल रहेकाले बहुवर्षीय योजनाका रूपमा स्तरोन्नति गर्नुपर्नेमा उनीहरूले जोड दिएका हुन् ।

वर्षायाम शुरु हुन लागेको अवस्थामा मर्मत तथा सम्भारलाई तीव्रता दिने उद्देश्यले गरिएको अनुगमनमा प्राविधिकसहितको टोलीले अनुगमन गरेको डुम्रे-बेसिशहर-चामे सडक योजना कार्यालय लमजुङका प्रमुख पन्तले जानकारी दिए ।

उनका अनुसार प्राविधिकको सल्लाहअनुरुप बहुवर्षीय योजनाका रूपमा स्तरोन्नति गर्नुपर्ने जनाएअनुसार सरकारले बजेट व्यवस्थापन गरेमा सहज हुने र सडक सुरक्षित तथा पक्की हुनेछ ।

‘सडकअन्तर्गतको केही भागमा पहाड नै फोडेर सडक सुरक्षित बनाउनुपर्नेछ । प्राविधिकको अध्ययन, अनुगमनअनुसार यस सडकखण्ड निर्माणका लागि अनुमानित रु ५० करोड लाग्नेछ’, प्रमुख पन्तले भने, ‘सुरक्षित र पक्की सडक निर्माणका लागि मन्त्रालयबाट बजेट बढाएर आउने भएमा सहज हुने थियो ।’

‘वर्षायाम शुरु हुनासाथ मर्मत तथा निर्माणकार्य थाल्नुपर्नेछ तर वर्षायाममा पानी पर्न थालेपछि सडक मर्मतमा समस्या सिर्जना हुन्छ । त्यस्तै हिउँदयाममा हिमपातले निर्माणमा समस्या हुन्छ’ उनले भने, ‘समयमा नै सरकारको चासो पुगेमा सडक मर्मत तथा निर्माणमा सहज हुनेछ ।’

वर्षायाम लाग्ने समय भएसँगै सडक अनुगमन गरी निर्माण प्रक्रिया अगाडि बढाउनुपर्ने भएपछि अनुगमन गरिएको प्रमुख जिल्ला अधिकारी आचार्यले जानकारी दिए ।

**सिन्धुपाल्चोक डायरी**
देवराज सुवेदी/मध्यान्ह

## लिसंखुपाखरका किसानलाई हाते ट्याक्टर वितरण

सिन्धुपाल्चोकको लिसंखुपाखर गाउँपालिकाले किसानहरुलाई ६६ वटा हाते ट्याक्टर वितरण गरेको छ ।



गाउँपालिका कृषि शाखाले शुक्रबार गाउँपालिकाको अध्यक्ष कमल नेपालको प्रमुख आतिथ्यतामा कार्यक्रम गरि उत्त हाते ट्याक्टर वितरण गरेको हो ।

४३ वटा ९ एचपी र २३ वटा ७.५ एचपीको गरि ६६ वटा ट्याक्टर वितरण गरिएको प्रमुख प्रशासकिय अधिकृत पूर्ण प्रसाद दुलालले जानकारी दिए । ९ एचपीको ४४७०० र ७.५ को ३९०००मा ठेक्कामार्फत खरिद गरिएको दुलालले जानकारी दिए ।

ट्याक्टरमा पालिका अनुदान ७० प्रतिशत र समूह , सहकारी तथा व्यक्तिगत रुपमा किसानहरुलाई ३०प्रतिशत सहभागिता गराइएको थियो । किसानहरुको मागको आधरमा हाते ट्याक्टर वितरण गरिएको गाउँपालिका अध्यक्ष नेपालले जानकारी दिए ।

यसैगरी गाउँपालिकाले फलफुलको विरुवाहरु माटो परीक्षण गरेर वितरण गर्दै आइरहेको छ । किसानहरुलाई विविध खाले कृषि अनुदानहरु समेत प्रदान गर्दै आएको छ । स्थानीय सरकार आएपछि किसानहरुलाई राहात मिलेको कृषक भक्तलाल श्रेष्ठ बताउँछन् । उनले अब खेती गर्न सहज हुने विश्वास व्यक्त गरे । ट्याक्टर वितरण कार्यक्रममा गाउँपालिका उपाध्यक्ष हेमगंगा मोक्तान, प्रमुख प्रशासकिय अधिकृत पूर्ण प्रसाद दुलाल, जनप्रतिनिधिहरु र किसानहरुको उपस्थिति रहेको थियो ।

## वाँसखर्कमा फरक क्षमता भएका नागरिकहरुको प्रसंशायोग्य कार्य

सिन्धुपाल्चोक वाँसखर्कमा फरक क्षमता भएका व्यक्तिहरुले प्रसंशायोग्य काम गरेका पाइएको छ ।



गत आ.व. २०७७/०७८ मा अपांगता भएका नागरिकहरुको लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम अन्तर्गत पूँजी नै अनुदान पाउने रकम मध्येबाट रु.दुई लाख सत्तरी हजार रकमलाई वडा नं. १ मा रहेका फरक क्षमता भएका नागरिकहरुले आलापालो मूल पूँजी परिचालन गर्ने गरी पहिलो पटकलाई ७ जनामा वाखा पालनको लागि लगानी गर्ने निर्णय गरेका थिए ।

सोही निर्णय बमोजिम कार्यक्रम कार्यान्वयनमा उक्त वडामा रहेको वाँसखर्क गरीवि निवारण वहुउद्देश्यीय सहकारी संस्था लि.ले सहजिकरण गरेको थियो ।

एक वर्ष अवधिमा निर्व्याजी रकम चलाउने र सो अवधिपछि उक्त रकम सहकारीमा फिर्ता गर्ने र फिर्ता भएको रकम सोही वडामा रहेका फरक क्षमता भएका नागरिकहरुको समितिको निर्णय बमोजिम तोकिएका अन्य फरक क्षमता भएका नागरिकलाई सहकारीले पुनः रकम उपलब्ध गराउने शर्तमा लगानी गरिएको थियो । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत दिनेश कुमार पोखरेल, वडा अध्यक्ष सूर्यमान दोङ्ग, सूचना प्रविधि अधिकृत, लघु उद्यम विकास शाखा प्रमुख , पशु विकास शाखा प्रमुख माईसिह तामाङ, सहकारीका अध्यक्ष वुद्धलाल श्रेष्ठ समेतले संयुक्त रुपमा अनुगमन गर्दा यसरी गरेको लगानीबाट सबैले १५/२० हजार आम्दानी गरिसकेको र लगानी फिर्ता गर्न सक्ने अवस्थामा सम्वन्धित व्यक्तिहरु रहेको पाइएको छ ।

अनुगमनको क्रममा टोली प्रत्येक व्यक्तिको घरघरमा पुगेको र ती परिवारले पालेको सबै वाखाको एक हप्ता भित्र निःशुल्क बीमा गरिदिने र सो बमोजिमको आवश्यक कार्यगर्न प्रमुख प्रशासकीय अधिकृत दिनेश कुमार पोखरेलले सम्बन्धित शाखालाई निर्देशन समेत दिएका युवराज भट्टराईले बताए ।

सोही क्रममा वाँसखर्कमा माहुरी पालन व्यावसायको पनि अनुगमन भएको र उक्त वडालाई माहुरी पकेट क्षेत्रको रुपमा विकास गर्न व्यावसायीले चासो राखेकोमा गाउँपालिकामा यस विषयमा छिट्टै आवश्यक बहस चलाउने कुरा वडा अध्यक्ष सूर्यमान दोङ्गले बताए ।

यस क्रममा गत आ.व.मा लघु उद्यमको लागि तालिम लिएका व्यक्तिहरुलाई व्यावशायीक किसिमले अघि बढाउन गर्न सकिने सम्भावित सहयोगको बारेमा पनि छलफल गरिएको थियो ।

अबको दुई महिना भित्र विगत दुई आ.व.देखि पालिका भित्र सन्चालन भएका सवै किसिमका उत्पादन मुलक कार्यहरुको अनुगमन गर्ने र कार्यक्रमको प्रभावकारिताको लागि पालिकाले सकेको सबै किसिमको सहकार्य गर्ने अभियानमा गाउँपालिका जुटेका प्रमुख प्रशासकीय अधिकृतले बताए ।

# आज शहीद दिवस, शहीदको सम्झना गरिँदै



**काठमाडौं/मस–** देश र जनताको अधिकारका निम्ति जीवन आहूति गर्ने शहीदप्रति सम्मान गर्दै आज देशभर शहीद दिवस मनाइँदै छ ।

नेपाली जनतालाई सार्वभौमसत्ता सम्पन्न नागरिक बनाउन जहानियाँ राणा शासन, निरंकुश पञ्चायती व्यवस्था तथा तानाशाही राजतन्त्रविरुद्ध प्रजातान्त्रिक क्रान्ति एवं लोकतान्त्रिक जनआन्दोलनहरूमा आफ्नो जीवनको वलिदान गरेका वीर सपूतहरूको सम्झनामा प्रत्येक वर्ष शहीद दिवस मनाइँदै आएको छ ।

वीर शहीदहरू शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, दशरथ चन्द र गंगालाल श्रेष्ठको स)घर्षमय जीवन र वलिदानको गाथा र प्रजातान्त्रिक आन्दोलनका अरू योद्धाहरूको योगदानमा शहीद दिवस मनाइएको हो ।

निरंकुश जहानियाँ राणा शासनविरूद्ध आफ्नो ज्यानको बलिदान गरेका वीर शहीदको स्मरणमा माघ १० देखि १६ गतेसम्म 'शहीद सप्ताह' मनाइँदै आएको छ ।

वि.सं. १९९७ माघ १० गते निरंकुश राणा शासनविरुद्धमा नेपाल प्रजापरिषद् स्थापना गरी जनतालाई आफ्नो हक र अधिकारका लागि क्रान्ति गर्न प्रेरित गर्ने शुक्रराजलाई टेकुस्थित खरीको रूखमा झुन्डयाएर हत्या गरिएको थियो । यस्तै, सोही वर्ष माघ १३ गते सिफलमा धर्मभक्तलाई झुन्ड्याइएको थियो भने माघ १५ गते दशरथ चन्द र गंगालाललाई शोभा भगवतीमा गोली हानी हत्या गरिएको थियो ।

# दैलेख सदरमुकाम अध्यारोमुक्त

**यामराज बिष्ट/मध्यान्ह**
दैलेख, १५ माघ

नेपाल विद्युत प्राधिकरण दैलेखले दैलेख सदरमुकाम लोडसेडिङमुक्त भएको घोषणा गरेका छ ।

अबदेखि दैलेख सदरमुकाममा लोडसेडिङ नहुने नेपाल विद्युत प्राधिकरण दैलेख वितरण केन्द्रका प्रमुख गौरव पाण्डेले मध्यान्हलाई जानकारी दिए।

गत माघ १ र २ गते परीक्षण प्रसारण शुरु गरिएको नौमुले द्वारी हाइड्रो र पदम खोला हाइड्रापावरको बिजुली ग्रिड लाइनमा बत्ती नआएका बेलामा आइसोलेसन मोडबाट विद्युत उत्पादन गरेर परीक्षण गर्दा प्रसारण सफल भएको दैलेख वितरण केन्द्रका प्रमुख पाण्डेले बताए ।

आगामी चैतभित्र जिल्ला नै अध्यारोमुक्त बनाउने अभियान थालिएको नेपाल विधुत प्राधिकरण दैलेख वितरण केन्द्रले जानकारी दिएको छ ।

यस्तै प्रमुख जिल्ला अधिकारी हरि प्याकुरेलले जनताको मागलाई मध्यनजर गर्दै दैलेखलाई अध्यारोमुक्त बनाउने अभियान शुरु गरेको बताए । कोहलपुर-सुर्खेत लाइन अवरुद्ध हुँदा दैलेखमा समेत विद्युत अवरुद्ध हुने समस्या अब समाधान हुने उनले बताए ।

# अवधी पत्रकारिता स्थापना दिवसको अवसरमा बाँकेमा अन्तर्क्रिया

**पवन जायसवाल/मध्यान्ह**
नेपालगन्ज, १५ माघ



मधेश मिडिया मिसन नेपाल बाँके शाखाले अवधी पत्रकारिता स्थापना दिवसको अवसरमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको छ ।

नेपालगन्ज उद्योग वाणिज्य संघको सभाहलमा भएको कार्यक्रममा जिल्ला प्रहरी कार्यालय बाँकेका प्रहरी उपरीक्षक श्यामकृष्ण अधिकारको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा प्रमुख अतिथि प्रहरी उपरीक्षक अधिकारीले यस कार्यक्रमबाट आफुले अवधी भाषा र अवधी सँस्कृतिको बारेमा बुझ्ने मौका पाएको बताए ।

अवधी भाषा धेरै नै प्राचीन रहेको बताउँदै उनले यस भाषाको अझ विकास गर्नुपर्नेमा जोड दिए । कार्यक्रममा अवधी साँस्कृतिक विकास परिषद्का अध्यक्ष तथा अवधी/हिन्दी भाषाका साहित्यकार सच्चिदानन्द चौबेले अवधी भाषाको इतिहासको बारेमा चर्चा गर्दै यो भाषा ८ लाख वर्षभन्दा पुरानो रहेको बताए । कार्यक्रममा अवधी साँस्कृतिक प्रतिष्ठानका अध्यक्ष तथा अवधी साहित्यकार बिष्णुलाल कुम्हारलेले २-४ अंक पत्रिका प्रकाशित गरेर कसैले आफ्नो नाम कमाउने प्रयास मात्र गरेको बताए ।

बैशाख ३ गते अवधी पत्रकारिता दिवससँगै अन्य केही कार्य हुनुपर्ने उनको भनाइ छ। उनले यस दिवसमा अवधी साहित्य, अवधी सँस्कृतिलाई समावेश गरी स्मारिका पनि प्रकाशित गर्नुपर्ने विचार व्यक्त गरे ।

कार्यक्रममा अधिवक्ता विश्वजीत तिवारीले दाङमा थारु समुदायको संग्रहालय स्थापना गरिएको बताए । उनले भने, 'अवधी सँस्कृति पनि धेरै प्राचीन छ । विभिन्न राजनीतिक दलका नेताहरुले भोट बटुल्नेतर्फ मात्र लाग्नुभएन । उनीहरुले यहाँ अवधी संग्रहालय स्थापना गर्नेतर्फ कार्य गर्नुपर्‍यो ।'

नेपाल टी.भी. कोहलपुर प्रसारण केन्द्रका प्रमुख विजयकुमार वर्माले सरकारी उपेक्षाका कारण अवधी भाषाको विकास हुन नसकेको गुनासो राखे । नेपालगन्ज उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष नन्दलाल वैश्यले अवधी भाषाको विकासको लागि आफू सँधै तत्पर रहेको बताए ।

नेपाल पत्रकार महासंघ बाँके शाखा अध्यक्ष दामोदर भण्डारीले अवधी भाषी पत्रकारहरुमा अझ दक्षता ल्याउन विभिन्न प्रशिक्षणहरु आयोजना गर्नुपर्नेमा जोड दिए ।

मधेश मिडिया मिसन नेपाल बाँके शाखाका सल्लाहकार अजयकुमार गुप्ताले अहिले अवधी भाषा माथि चौतर्फि आक्रमण भइरहेको बताए । उनले भने, ' भर्खरै भारतको उत्तरप्रदेशमा हुन गइरहेको विधान सभा निर्वाचनको समय विहारका एक लोक गायिकाले 'दियौ का ब' भनेर जुन प्रकार गीत प्रस्तुत गरेकी छिन्, यसबाट अवधी भाषा माथि ठाडै प्रहार भएको छ ।'

भोजपुरी भाषाको लोकगीतबाट अवधी क्षेत्र माथि आक्रमण गरिएको उनको भनाइ छ ।

अन्तरक्रियामा मानव अधिकार शान्ति समाजका पूर्व अध्यक्ष कृष्णादेवी पाण्डेय, नागरिक अधिकार मञ्चकी पदाधिकारी सोनाली गुप्तालगायतले आ-आफ्नो विचार राखेका थिए ।

कार्यक्रममा समाजसेवी माधवराम वर्माले अवधी भाषा उत्थानका लागि ५ हजार १ सय रुपैयाँ सहयोग गरेका थिए ।

कार्यक्रमको समापन गर्दै मधेश मिडिया मिसन नेपाल बाँके शाखाका अध्यक्ष चन्द्रेश्वराज त्रिपाठीले आगामी महिना फेरि यस्तै प्रकारको अन्तर्क्रिया कार्यक्रमको आयोजना गरिने बताए। उनले बैशाख ३ गते सबैको राय सल्लाह अनुसार भव्य रुपमा अवधी पत्रकारिता स्थापना दिवस मनाउने तयारी गरिएको जानकारी गराए । अन्तर्क्रिया कार्यक्रमको सहजिकरण सचिव सन्ध्या शर्माले गरेकी थिइन् ।

## सिरहा डायरी

**राजेन्द्र महतो/मध्यान्ह**

### जनमत पार्टीद्वारा जन्जिर जुलुस प्रदर्शन

जनमत पार्टीले मधेस प्रदेशका जिल्लाहरुमा शनिबार जन्जिर जुलुस प्रदर्शन गरेको छ ।किसानको मुद्दालाई उठाउँदै आएको सो पार्टीले सिरहा, सप्तरी, धनुषा, महोत्तरीलगायतका जिल्लाहरुमा जन्जिर जुलुस प्रदर्शन गरेको हो ।

जनमत पार्टीका कार्यकर्ता र किसानहरुले हातमा जन्जिर बाँधेर ' किसानको माग पूरा गर', 'किसान विरोधी सरकार मुर्दावाद', 'पक्राउ परेका किसानलाई रिहा गर' जस्ता नारा लगाएका थिए ।

जनमत पार्टी विगत एक महिनादेखि आन्दोलनरत छ । बीउविजन, सिंचाई, निःशुल्क विद्युत लगायतका किसानका मुद्दालाई उठाउँदै आएको जनमत पार्टीले किसान विधेयक जारी गर्न माग गरिरहेको छ । किसान विधेयक जारी गरी किसानका समस्याहरुलाई समाधान गर्नुपर्ने माग राख्दै जनमत पार्टीले मधेस प्रदेशका जिल्लाहरुमा व्यापक प्रदर्शन जारी राखेको छ ।माग पूरा नभएसम्म आन्दोलन जारी राख्ने जनमत पार्टीको भनाइ छ ।

### अवैध कपडासहित पक्राउ

सशत्र प्रहरीले सिरहाको सीमा नाका नवराजपुर गाउँपालिकाबाट भन्सार छली गरेर नेपालतर्फ ल्याउँदै गरेको ठूलो परिमाणमा लाखौं रुपैयाँ बराबरको अवैध कपडासहित एक जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा नवराजपुर गाउँपालिका ३ जगतपुरका श्रीराम यादव रहेका छन् ।

यादवलाई भन्सार छलेर ल्याएको करिब ४ लाख रुपैयाँ बराबरको कपडासहित पक्राउ गरिएको सशस्त्र प्रहरी बोर्डर आउट पोष्ट (बिओपी) नवराजपुरका सशस्त्र प्रहरी निरीक्षक प्रकाश पाण्डेले मध्यान्हलाई बताए ।

बरामद गरिएको सामान आवश्यक कारबाहीका लागि इनर्वा ठाडी भन्सार कार्यालयमा पठाइएको प्रहरी निरीक्षक पाण्डेले जानकारी दिए ।

### युवा संघद्वारा प्रदर्शन

स्थानीय तहको निर्वाचन मिति घोषणा गर्न सरकारले आलटाल गरेको भन्दै युवा संघ सिरहाले प्रदर्शन गरेको छ ।

सिरहाको गोलबजार नगरपालिकामा शनिबार युवा संघ सिरहाले निर्वाचनको माग गर्दै संघीय सरकारविरूद्ध प्रदर्शन गरेको हो । प्रदर्शनमा सहभागीहरूले 'स्थानीय तहको चुनाव मिति घोषणा गर', 'अराजक मन्त्री रेणु यादवलाई बर्खास्त गर', 'किसानलाई समयमा मलखाद उपलब्ध गराउँ' जस्ता नारा लगाएका छन् । संघका जिल्ला संयोजक जयप्रकाश शर्माको नेतृत्वमा गरिएको प्रदर्शनमा एमालेका नेता तथा कार्यकर्ताहरुको सहभागीता रहेका थिए ।

# पाटे बाघ मृत फेला

**सहबान अन्सारी/मध्यान्ह**
नवलपरासी, १५ माघ

नवलपरासीको बर्दघाट नगरपालिका वडा नं. १६ स्थित दाउन्ने देवी सामुदायिक वन क्षेत्रको भालु खोलामा एक पाटे बाघ मृत फेला परेको छ ।

शनिबार बिहान गाउँलेहरु जंगलमा घाँसपात लिन गएको बेला गोली लागेको मृत अवस्थामा पोथी पाटे बाघ देखेपछि प्रहरी र बन कार्यालयमा खबर गरेका थिए । करिब साढे ७ फिट लम्बाई र ३ फिट उचाई १ सय ५० किलोको बयस्क पोथी पाटे बाघ मृत अवस्थामा फेला परेको बर्दघाट सरावल सब डिभिजन वन कार्यालय बर्दघाट नवलपरासीले जनाएको छ ।

उक्त बाघलाई सुरक्षाकर्मी र वन कार्यालयका कर्मचारीहरुले बर्दघाट सरावल सबडिभिजन वन कार्यालय बर्दघाटमा पठाइएको छ।

मृत बाघको प्रकृति हेर्दा बन्य जन्तु चोरी पैठारी गर्ने तस्करहरुले पासोमा पारेर गोली हानी हत्या गरेको हुन सक्ने वन कार्यालय बर्दघाटका प्रमुख गिरिराज पन्तले मध्यान्हलाई बताए । घटनाको विषयमा थप अनुसन्धान भइरहेको समेत उनले जानकारी दिए । मृत बाघलाई आवश्यक कानूनी प्रकृया पूरा गरी सुरक्षाकर्मी, जनप्रतिनिधिको रोहबरमा ईलाका वन कार्यालयकै परिसरमा गाडिने प्रमुख पन्तले बताए ।

# त्रिचन्द्रमा 'हल्ट प्राईज' प्रतियोगिता

**काठमाडौं/मस–**त्रिभुवन विश्वविद्यालय अन्तर्गत त्रिचन्द्र कलेजमा सामाजिक उद्यमशीलता विकास सम्बन्धि अन्तर्राष्ट्रिय रुपमा सञ्चालन हुने 'हल्ट प्राईज' प्रतियोगिता हुने भएको छ ।

विद्यार्थीहरुको नोबेल पुरस्कार भनेर चिनिने 'हल्ट प्राईज' प्रतियोगिता त्रिचन्द्र कलेजमा पहिलो पटक आयोजना हुने भएको हो ।

हल्ट विजनेस स्कुल, हल्ट प्राईज फाउण्डेशन र संयुक्त राष्ट्र संघको सहकार्यमा आयोजना हुने यस प्रतियोगितामा विश्वभरिबाट कुनै पनि शैक्षिक संस्थानमा स्नातक र स्नातकोत्तर तहमा अध्ययनरत विध्यार्थीले सहभागिता जनाउन पाउने छन् ।

दिगो विकास लक्ष्यमा रहेर हल्ट प्राईज फाउण्डेशनद्वारा हरेक वर्ष पेश गरिने चुनौतीमा आधारित सामाजिक उध्यमशीलता बारे प्रतियोगीले प्रस्तुती दिनुपर्ने हुन्छ ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०७८/१०/१६**

**बेबी स्टार इन्टरनेशनल प्रा.लि.** को मिति २०७८/०८/१७ मा बसेको विशेष साधारण सभाको विशेष प्रस्तावद्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **मेभन रिक्रुटमेन्ट सर्भिसेज प्रा.लि. (प्रा. लि. नं.: १६०३७५)**, कायम गर्ने गरी मिति २०७८/१०/१० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७१/०२/०४ मा दर्ता भएको **प्रा.लि. नं. १२२६३८** को **मुस्ताङ मार्फा इन्भेष्टमेन्ट कम्पनी प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउं भनि यस कार्यालयमा निवेदन पेश गरेको हुंदा उक्त कम्पनीले कसैसंग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**वैदेशिक रोजगार विभागको**
**सूचना**
**दोस्रो पटक प्रकाशित मितिः २०७८/१०/१६**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त श्री **बेबी स्टार इन्टरनेशनल प्रा.लि. (ई.प.नं. १०८१)** ले आफ्नो साविकको नाम परिवर्तन गरि **मेभन रिक्रुटमेन्ट सर्भिसेज प्रा.लि.** कायम गर्ने गरि नाम परिवर्तन गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको नाम परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागमा दावी विरोध गर्न आउनुहोला । अन्यथा कानून बमोजिम भै जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## डि.बि.ट्रेड लिंक प्रा.लि को दर्ता खारेज गरिने भएकोले हकदावी गर्ने सम्वन्धी लिक्वीडेटरको ३५ दिने सूचना

**दोस्रो पटक प्रकाशित मिति २०७८।१०।१६**

कम्पनी ऐन, २०६३ बमोजिम कम्पनी रजिष्ट्रार कार्यालय, त्रिपुरेश्वरमा दर्ता भएको **प्रा.लि नं ११७७०२** (दर्ता मिति २०७०।०८।२८) को **डि.बि.ट्रेड लिंक प्रा.लि** को मिति २०७८।०९।१५ मा बसेको बार्षिक साधारण सभाले स्वेच्छिक रुपमा कम्पनी खारेजी (लिक्वीडेशन) गर्ने विशेष प्रस्ताव पारित गरेको हुदाँ यस कम्पनीमा कोहि कसैको कुनै बाँकि बक्यौता वा लेनदेन आदी बाँकी भएमा वा खारेज नगर्नु पर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सवुद प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफै वा प्रतिनिधी मार्फत हकदावी गर्न निम्न लिखित लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्न हुन यो सुचना प्रकाशित गरिएको छ । अन्यथा कम्पनी ऐन २०६३ बमोजिम कम्पनी खारेजी भई जाने व्यहोरा जानकारी गराईन्छ ।

**लिक्वीडेटरः कुमार राज जोशी, दामासाही व्यवसायी**
**ईजाजत प्रमाण पत्र नं २१४, बुद्धनगर, काठमाडौं**
**फोन नं ०१४७९३५५५, मोबाईल नं ९८५१०१८२८२**
Email: joshikumar@gmail.com

## ग्लोब सीट ड्रिंक नेपाल प्रा.लि.को दर्ता खारेज गरिने भएकोले हकदावी गर्ने संम्वन्धी लिक्वीडेटरको ३५ दिने सूचना

**दोस्रो पटक प्रकाशित मिति २०७८।१०।१६**

कम्पनी ऐन, २०६३ बमोजिम कम्पनी रजिष्ट्रार कार्यालय, त्रिपुरेश्वरमा दर्ता भएको **प्रा.लि नं ७९५५५** (दर्ता मिति २०६७।०९।२९) को **ग्लोब सोफ्ट ड्रिंक नेपाल प्रा.लि** को मिति २०७८।१०।०५ मा बसेको एकल शेयरधनीको निर्णयले स्वेच्छिक रुपमा कम्पनी खारेजी (लिक्वीडेशन) गर्ने विशेष प्रस्ताव पारित गरेको हुदाँ यस कम्पनीमा कोहि कसैको कुनै बाँकि बक्यौता वा लेनदेन आदी बाँकी भएमा वा खारेज नगर्नु पर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सवुद प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफै वा प्रतिनिधी मार्फत हकदावी गर्न निम्न लिखित लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्न हुन यो सुचना प्रकाशित गरिएको छ । अन्यथा कम्पनी ऐन २०६३ बमोजिम कम्पनी खारेजी भई जाने व्यहोरा जानकारी गराईन्छ ।

**लिक्वीडेटरः कुमार राज जोशी, दामासाही व्यवसायी**
**ईजाजत प्रमाण पत्र नं २१४, बुद्धनगर, काठमाडौं**
**फोन नं ०१४७९३५५५, मोबाईल नं ९८५१०१८२८२**
Email: joshikumar@gmail.com

## Invitation for Bid

**Gangajamuna Rural Municipality**
**Office of Rural Municipal Executive**
**Invitation for Bids for the Dhadkharka Khanepani Yojana (Ak Ghar Ak Dhara),Ward 5.**
**Contract Identification No: GRM/DHADING/10/078-79**
**Date of publication: 30/01/2022**

1. Gangajamuna Rural Municipality invites bids from Nepalese eligble Bidders for the **Dandakharka Khanepani Yojana(Ak Ghar Ak Dhara), Ward 5, Gangajamuna Ga.pa** works under National Competitive Bidding procedures. The estimated amount for the works is **Rs. 42,00570 (In Words: Forty Two Lakh Five Hundred Seventy Rupees Only)** (with vat & PS).
2. Eligible Bidders may obtain further information through Gangajamuna Rural Municipality office.
3. Bidders may get the bidding documents from Gangajamuna Rural Municipality Office. Bidders shall deposit **NRs.3,000.00** as the cost of bidding document in the following bank .
   **Name of the Bank: Nepal SBI Bank**
   **Name of Office: Gangajamuna Rural Municipality Office**
4. Office Account no.: **43095241207004(Rajaswa Khata)**
5. Only eligible bidders with the following key qualifications should participate in this bidding
   • Minimum Work experience of similar size and nature: **Water supply projects value of Nrs. 50,00000.00.**
6. Pre-bid meeting shall be held at **Gangajamuna Rural Municipality Office at 12:00 hours on 13/02/2022.**
7. Interested Bidders shall buy the bid document from **Office of Gangajamuna Rural Municipality** on or before office hours on **28/02/2022 .**
8. Interested Bidders shall submit the bid to **Office of Gangajamuna Rural Municipality** on or before **12:00 hours on 1/03/2022** .Bids received after this deadline will be rejected.
9. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00 hours on 01/03/2022** at the **Office of Gangajamuna Rural Municipality, Phulkharka Dhading**. Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format amounting to minimum of **NRS 1,30,000.00** which shall be valid for 30 days beyond the validity period of the bid.
10. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.


**Chief Administrative Officer**

## HOSPITALITY TRAINING

Hilton Academy Pvt.Ltd.
A great place for career

गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला ।

कुनै पनि
Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation



विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं ।

नोटः ६ महिने Professional Diploma in Hotel Management (PDHM)
पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा ADMISSION OPEN
गरिएको जानकारी गराउदछौं

सम्पर्क
**Hilton Academy**
of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484

## सम्पादकीय

# कोर्स करेक्सन

सत्ता साझेदार गठबन्धन आगामी जेठभित्रै स्थानीय चुनाव गराउन सहमत भएको छ । शनिबार साँझ बालुवाटारमा बसेको गठबन्धनको बैठकले जेठभित्रै स्थानीय चुनाव गराउन सरकारलाई सुझाव दिने निर्णय गरेको छ । प्रधानमन्त्री एवम् नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवासहित गठबन्धनका शीर्ष नेताहरू सम्मिलित बैठकले निष्कर्ष बमोजिम अब स्थानीय चुनाव सम्बन्धी अन्योल हटेको छ । सरकारले चुनावको मिति घोषणा गरेपछि निर्वाचन आयोगले तयारी थाल्नेछ । दलहरू चुनावी परिणाम आफ्नो पक्षमा पार्ने प्रयत्नमा जुट्नेछन् । तर सँगै सत्ता गठबन्धनले स्थानीय तह निर्वाचन ऐन–२०७३ संशोधन गर्ने समेत निर्णय गरेको छ । यो निर्णयप्रति केही समस्या भने अवस्या आउनेछ । सँगै, संविधानले पाँच वर्षे कार्यकाल भनेकाले जनप्रतिनिधिहरू अदालत जाने संभावना पनि छ । तर स्थानीय चुनाव जेठभित्रै हुनेमा भने ढुक्क हुने बातावरण बनेको छ ।

यसअघि सत्ता गठबन्धन र प्रधानमन्त्री देउवाले स्थानीय चुनाव सार्ने तयारी गरेका थिए । संविधानको धारा २२५ ले स्थानीय तहका जनप्रतिनिधिको कार्यकाल सकिएको ६ महिनाभित्र चुनाव गराउनुपर्ने व्यवस्था गरेको भन्दै गठबन्धन आगामी असोज पछि मात्रै चुनाव गराउने चाहनामा थियो । यसको भित्रि कारण भने प्रमुख विपक्षी नेकपा एमालेलाई चुनावी परिणामबाट पराजित गर्ने रणनीति थियो । तीनै तहको चुनाव एकैपटक गर्दा गठबन्धनले एमालेलाई रोक्ने आँकलन थियो । गठबन्धनका नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टी पनि तीनै तहको चुनाव एकैपटक गराउन चाहन्थे । त्यसैले प्रधानमन्त्री देउवा कुनैपनि निर्णयमा पुग्न सकेका थिएनन् ।

तर प्रधानमन्त्री देउवालाई पार्टीभित्रै दबाव बढ्यो । आमजनमत पनि स्थानीय चुनाव संविधानले व्यवस्था गरेअनुसार हुनुपर्ने देखियो । निर्वाचन आयोग र राष्ट्रपति विद्यादेवी भण्डारीले पनि सार्वजनिक चुनावका निम्ति सार्वजनिक खपतका निम्ति बक्तव्य तयार पारे । राष्ट्रपति र आयोगको कदमप्रति गठबन्धन असन्तुष्ट देखिदैनन् । तर चुनाव गराउन भने गठबन्धन तयार भएको छ । यसले संविधान कार्यान्वयनप्रति उठेको आशंका केही हदसम्म हल हुने विश्वास गर्न सकिन्छ । किनकि ऐनका कारण जनप्रतिनिधिविहीन हुने अवस्था सिर्जना हुने थियो । त्यसले संघीयताको मूल मर्ममा प्रहार हुने देखिन्थ्यो । तर गठबन्धनले ढिलै भएपनि बिथोलिन लागेको कोर्स करेक्सन गरेको छ । अब चाँडै चुनावको मिति घोषणा गरेर अगाडि बढ्नु नै मुलुक, संविधान र व्यवस्थाका निम्ति हितकर हुनेछ ।

# सार्वजनिक प्रशासन असफल बन्नुका कारण

**मुलुकको असफल सार्वजनिक प्रशासन जवाफदेही को भन्ने विषय अन्त गर्न वैज्ञानिक जनशक्ति विकास मापदण्ड, कार्यविधि तथा कार्यान्वयन योजना अपरिहार्य भएको छ ।**

अग्रलेख



● ईश्वरीप्रसाद पोखरेल

सार्वजनिक प्रशासन किन असफल भइरहेको छ ? यसको जवाफदेहीता कसले लिन्छ ? यो प्रश्नमा पंक्ति २ दशकभन्दा बढी समयदेखि अलमलमा छ । तर, यति लामो समयसम्म पनि कुनै वैज्ञानिक एकीकृत मापदण्ड तथा कार्यविधि विकास गरिएको तथा सर्वमान्य हुने गरी लागू नै हुन सकेको छैन । नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ आफैले मन्त्रालयगत जनशक्ति विकास तथा कार्यान्वयनमा द्विविधा सिर्जना गर्दछ । सबै मन्त्रालयहरु कार्यविभाजन सम्पादन गर्न पूर्ण स्वायत्त र जनशक्ति प्रयोगमा अनियन्त्रण छैनन् । राज्यका अंगहरु कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका र संवैधानिक आयोगहरु रहेता पनि जनशक्ति विकास र प्रयोगमा संवैधानिक आयोगहरुसमेत कार्यपालिका सरकारको एकल पूर्ण नियन्त्रणमा देखिन्छन् । कार्यपालिकाभित्र पनि मन्त्रालयहरु सेवागत जनशक्ति सञ्चालन तथा व्यवस्थापनमा समान अधिकार राख्दैनन् र अर्काको मनोपरीको शिकार मात्रै भइरहेको देखिन्छ ।

नेपालको सार्वजनिक प्रशासन बहुनायकाको नियतिमा सञ्चालन भइरहेको छ । प्रधानमन्त्री तथा मन्त्रीपरिषद कार्यालयदेखि सबै मन्त्रालय र निकायहरुको भिन्न-भिन्न भूमिका देखिन्छ । सबै जनशक्ति व्यवस्थापनमा तोकिएका प्रावधानका साथसाथै, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तोकिएर आएका आ-आफ्ना मन्त्रालयमा दरबन्दी भएका विषय क्षेत्रसँग सम्बन्धित सेवा, समूह र उपसमूहका कर्मचारीहरुको आन्तरिक सरुवा, पदस्थापन र परिचालन गर्ने कार्यहरु सबै निकायबाट भइरहेका छन् । यसरी धेरैतिरबाट कर्मचारी परिचालन भएका कारण विकृति र विसंगतिहरु अनगिन्ती छन् ।



### जनशक्ति व्यवस्थापनका असफलता

राष्ट्रिय मानव अधिकार आयोगमा निजामती कर्मचारी छैनन् । संवैधानिक सर्वोच्च निकाय राष्ट्रपति र उपराष्ट्रपति कार्यालय, संवैधानिक आयोगहरु १२ वटा तथा सत्य निरुपण तथा मेलमिलाप आयोग, वेपत्ता पारिएका व्यक्तिको छानविन आयोग, भाषा आयोग, राष्ट्रिय योजना आयोग र त्यस्ता सबै किसिमका आयोग, समिति, कार्य प्रतिष्ठान तथा परिषद आदिमा निजामती कर्मचारी व्यवस्थापन गर्ने एकल अधिकार तथा जवाफदेहिता संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सिफारिसमा नेपाल सरकारबाट हुने गर्दछ । समग्र सार्वजनिक प्रशासनिक सफलता तथा जसको भागीदार र असफलता तथा विकृतिको लागि पनि संघीय मामिला तथा प्रधानमन्त्री कार्यालय मुख्य जिम्मेवार हुन्छन् । राज्यका मुख्य मुख्य पदाधिकारी र जिम्मेवारीका पदमा जनशक्ति व्यवस्थापन गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले एकाधिकार राखेको छ ।

उदाहरणका लागि मन्त्रालयले माथिका तीनदेखि अठारसम्मका बुँदाहरुमा उल्लेखित मन्त्रालयहरुमा नेपाल प्रशासन सेवा, नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा र नेपाल विविध सेवाको सञ्चालन; नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल इन्जिनियरिङ्ग समूहको जनरल उपसमूहको सञ्चालन आफै गर्ने गर्दछ । यस मन्त्रालयले सेवाका कर्मचारीहरुलाई एक मन्त्रालय, निकाय तथा कार्य जिम्मेवारीबाट अर्को मन्त्रालय, निकाय र जिम्मेवारीमा सरुवा वा पदस्थापना गर्दा सबै मन्त्रालय, निकायको नेतृत्वसँग कुनै समन्वय गर्दैन । आफू खुशी प्रशासन तथा जनशक्ति परिचालनले सुशासनमा धक्का र स्थीरतामा सहयोग गरेको छैन । मन्त्रालयको यो व्यवहारले ससाना जनशक्ति सञ्चालनका समूह, उपसमूहहरुको परिचालन गर्ने मन्त्रालय तथा निकायहरु पनि काम गर्न असफल हुने गरेका छन् । यसर्थ विद्यमान जनशक्ति व्यवस्थापन प्रणाली अवैज्ञानिक छ ।

> मुलुकलाई चाहिने विषयगत क्षेत्रका हरेक किसिमका जनशक्तिको सही पहिचान, विश्लेषण र आवश्यकताबमोजिम काम गर्न संघीय मन्त्रालय पूर्ण उदासिन छ । कार्यपालिका, न्यायपालिका तथा व्यवस्थापिका र संवैधानिक निकाय तथा आयोगअनुसारका फरक-फरक चरित्रका जनशक्ति विकास गरी कार्यान्वयन गर्न नसक्दा मुलुक कुशासनको भूँमरीमा फसेको छ । राज्यको कार्यपालिका मात्र होइन, संवैधानिक निकाय तथा आयोगहरुसमेत कुशासनका शिकार भएका छन् ।

### एकाधिकारबाट सिर्जित कुपरिणामहरु

मुलुकलाई चाहिने विषयगत क्षेत्रका हरेक किसिमका जनशक्तिको सही पहिचान, विश्लेषण र आवश्यकताबमोजिम काम गर्न संघीय मन्त्रालय पूर्ण उदासिन छ । कार्यपालिका, न्यायपालिका तथा व्यवस्थापिका र संवैधानिक निकाय तथा आयोग अनुसारका फरक चरित्रका जनशक्ति विकास गरी कार्यान्वयन गर्न नसक्दा मुलुक कुशासनको भूँमरीमा फसेको छ । राज्यको कार्यपालिका मात्र होइन, संवैधानिक निकाय तथा आयोगहरुसमेत कुशासनका शिकार भएका छन् । सबैभन्दा बढी अस्थीरता कर्मचारीको सरुवा, स्थानान्तरण र जिम्मेवारी फेरबदलमा देखिन्छ। मन्त्रालयका सचिवदेखि स्थानीय पालिकासम्म नै एक वर्षमा दुईचार जनाको नेतृत्व फेराइबाट स्पष्ट हुन्छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको साधारण प्रकृति, विषयगत प्राविधिक वा व्यावसायिक यी सबै मन्त्रालय तथा निकायहरुमा उच्च नियन्त्रण देखिन्छ ।

### असफलताको जिम्मेवार को ?

यसरी राज्यका हरेक सेवा सुविधा वितरण तथा जिम्मेवारी तोक्ने मुख्य उत्तरदायित्वको काममा संघीय मामिता तथा सामान्य प्रशासन मन्त्रालय तथा निकायको एकाधिकार हुने गरेको छ । यो मन्त्रालयमा प्रशासन सेवाका कर्मचारीहरुको मात्र बोलबाला र हैकम छ । १२ सेवा छन् र सबै सेवाको महत्व छ भन्ने कुरामा राज्य, सरकारले कानमा तेल हालेर, कपास कोचेर बसेको अनुभव हुन्छ । अझ विडम्बना सबै मन्त्रालय, निकायहरुमा प्रशासन महाशाखा, आर्थिक प्रशासन, आन्तरिक प्रशासन, भण्डार तथा सम्पत्ति शाखाहरुमा प्रशासन सेवा तथा सबै सहसचिव तथा सचिवका कार्यालय सहायकमा प्रशासन सेवाका कर्मचारीको पदलाई राखिएको हुन्छ । यसरी महालेखा नियन्त्रण कार्यालय र आर्थिक लेखा समूह तथा राजस्व समूहका कर्मचारीहरुलाई वृत्तिविकासका मार्गमा सहसचिवदेखिका पदलाई प्रशासन सेवाकै एकै स्थानमा राखी ती सेवा समूहका उपसचिवसम्मका कर्मचारीहरुलाई सन्तुष्ट पारी सामान्य प्रशासन सेवाले प्राविधिक तथा विषयगत सेवाका समूह, उपसमूहमाथि अन्याय गरेको देखिन्छ । सत्ता, शक्ति र राज्य साधनस्रोतको आडमा राजनीति तथा प्रशासनलाई प्रभावमा पारी मुलुकका १२ वटै सेवाका विभिन्न समूह तथा उपसमूहहरुमाथि मालिकत्वभाव राखी, शिल्पकर्मीलाई दासझैं भूमिकाको बनाएर एकल हैकमवाद वा कब्जा जमाउने प्रबन्ध नेपालको सार्वजनिक सेवाको विशेषता रहेको देखिन्छ ।

सबै सेवालाई प्रशासन सेवाले कब्जामा राखेको र देशको समग्र राज्य संयन्त्रलाई नियन्त्रण गरेकोले मुलुकको विकास, समृद्धि तथा विनास, भ्रष्टाचार तथा कुशासनको जवाफदेहिता संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा प्रधानमन्त्री कार्यालयले बहन गर्नु पर्दछ भन्ने मेरो बुझाइ रहँदै आएको छ । मुलुकको असफल सार्वजनिक प्रशासन जवाफदेही को भन्ने विषय अन्त गर्न वैज्ञानिक जनशक्ति विकास मापदण्ड, कार्यविधि तथा कार्यान्वयन योजना अपरिहार्य भएको छ । अन्यथा बतास, ओम्नी, यति, बालुवाटार काण्ड, आयल निगम भ्रष्टाचार, डिपो जग्गा खरिद काण्ड, बोइंगकाण्ड, धमिजा काण्ड, नेवानिकाण्ड, सरकारी सम्पत्ति तथा जग्गाजमिन कब्जाकाण्ड भइनै रह्ने छन् र नेपालीहरुले कुनै दिन मेरा पितापूर्खा तथा अग्रजहरु संसारका सबैभन्दा नालायक र निकम्मा थिए ? धन दौलत र वैयक्तिक स्वार्थका लागि आफ्नी जन्मदातृ आमा र जन्मभूमि धर्तीलाई समेत सौदावाजी गर्दथे भन्ने लज्जाको इतिहास पढ्ने दिन धेरै टाढा नहोला ? यसर्थ, जवाफदेही निकाय र पदाधिकारी एक मार्गबाट निर्धारण हुनु आवश्यक छ ।

*(लेखक पोखरेल शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा उपसचिव छन् ।)*

## सामाजिक सञ्जाल



**- बसन्त**

नेपालको लोकतन्त्र यसकारण पनि मन पर्छ, किनकी संविधान, ऐन, नीति, नियम सबै आफु अनुकुल व्याख्या गर्न मिल्छ । यसरी व्याख्या गर्दै हिँड्ने न्यायाधिश/अधिवक्ता/वकिल बढी भेटिन्छन्, त्यो पनि अदालत बाहिर । मानौ उनीहरू संविधानमाथि छन् ।



**- डा. सुन्दरी पोखरेल**

चुनाव गराउने आँट छैन । चुनावमा भाग लिने हिम्मत छैन । चुनाव सार्न न्वारानदेखिको बल लगाइरहेछन् । आफूलाई राजनीतिक पार्टी पनि भन्छन् । पद ओगटेका छन्, देशलाई दुःख दिएका छन् । च्याँखे परेर सरकारमा पुगेका छन् । लाज शरम केही छैन ।



**- कञ्चन अधिकारी**

स्थानीय निर्वाचन नगराउने षड्यन्त्रबारे राष्ट्रपतिबाट चासो लिनु स्वागत योग्य विषय हो । संविधान, ऐन, कानूनले स्थानीय निर्वाचन बारे स्पष्ट बोलेको छ । अपव्याख्या खोज्दै निर्वाचन नगराउने दाउ हेरीरहेका दाहाल, नेपाल र देउवा षड्यन्त्रको भण्डाफोर गरौँ । स्थानीय चुनावको पक्षमा आवाज बुलन्द पारौँ ।



**- प्रदिप भट्टराई**

धेरै कानुन व्यावसायी, विचार निर्माता, जनसाधारण तथा निर्वाचित जनप्रतिनिधिसमेतको विचार समयमा नै निर्वाचन गराउनुपर्छ भन्ने देखिन्छ । यस्ता विचारहरू निरन्तर विभिन्न संचार माध्यममा दैनिकजसो प्रकाशित भैरहेकै छन् । चुनाव सार्नुपर्छ भन्ने आवाज सार्वजनिक वृत्तमा असाध्यै कम छ ।



**- मुमाराम खनाल**

संस्था, संस्थाप्रमुख र नेतालाई सेटिगं गरेको भन्दै जाँदा वास्तवमा कसैको कसैसँग पनि विश्वास र संस्थागत सम्बन्ध रहेन । सबैतिर सम्बन्ध राजनीतिक मात्रै बन्यो । नेतैपिच्छे आफ्ना मान्छेको नियुक्तिले सरकार र राज्यका सबै निकाय पंगु र एकअर्काका परस्पर विरोधी भए । अब प्रम देउवा र निर्वाचन आयुक्तको पालो ।

# असफल कुटनीति

**छिमेकीहरुको सम्बन्धमा चिसोपना बढ्दै गएको छ । कूटनैतिक सम्बन्धमा अविश्वास तीव्र रूपले प्रविष्ट गरिरहेको छ । एक अर्काको कार्ड फ्याँकेर छिमेकीसँग अस्थाई लाभकारी सम्बन्ध स्थापित गर्ने राजनीतिकर्मीहरु अहिले बुनेको आफ्नै जालमा फँसेका छन ।**

टिप्पणी



● उपेन्द्र झा

एक अर्काका कार्ड देखाएर छिमेकीहरूलाई नियन्त्रित राखी लाभ लिने राजनीतिकर्मीको संस्कार सधैं एकै नासको दाउमा सफल नहुने कुरा सोंचभन्दा बाहिर रहेकोले अहिले असफलताको परिणाम सामुन्ने आउँदा आत्तिनु स्वाभाविक हो । राजनीतिलाई तरल बनाएर रमाउने राजनीतिकर्मीहरूको संस्कारमा किञ्चित परिवर्तन नगरी छल, प्रपञ्च, जाल, फरेब र धोखाको आधारमा राजनीति गर्दा यो चिरस्थायी नहुने समयले देखाइसकेको हुँदा पनि त्यहीँ धृष्टताको पुनरावृति हुनु दुःख लाग्दो कुरा हो । राजनीतिक पृष्ठभूमिले चारैतिर अराजक, असन्तुष्टताको परिस्थिति सृजना गरेकोले कुनै पार्टी नेपाली राजनीतिलाई सहज अवस्थामा ल्याउला भन्ने जन विश्वास हराउँदै गएको छ । देश दिनानुदिन असहज बन्दै गएको छ ।

छिमेकीहरूको सम्बन्धमा चिसोपना बढ्दै गएको छ । कूटनैतिक सम्बन्धमा अविश्वास तीव्र रूपले प्रविष्ट गरिरहेको छ । एक अर्काको कार्ड फ्याँकेर छिमेकीसँग अस्थाई लाभकारी सम्बन्ध स्थापित गर्ने राजनीतिकर्मीहरू अहिले बुनेको आफ्नै जालमा फँसेका छन । एउटै वस्तुको समयान्तरमा स्वार्थ बमोजिम परिभाषा गराईले राजनीतिकर्मीहरूलाई जनताले विश्वास गर्न छाडेका छन । अहिले राजनीतिक एजेण्डाको रूपमा आएको एमसीसीलाई पास गर्ने कि फाल्ने विषयमा कुनै पार्टीको धारणा स्पष्ट छैन ।

दुईतिहाईको एमाले सरकार सत्तामा हुँदा एमसीसी पास गराउन कसरत गरि रहेका केपी शर्मा ओली प्रतिपक्षमा पुग्दा एमसीसीको विपक्षमा देखिएका छन । एमसीसी पास गर्न आफूसँग गठबन्धन बनाउन प्रधानमन्त्री शेरबहादुर देउवालाई दिइरहेको दबाव सत्ता गठबन्धन तोड्ने प्रयासभन्दा फरक अरू केही होइन । एमसीसीको बहानामा आफ्नो स्वार्थ सिद्ध गर्न चाहने एमालेको दाउलाई प्रधानमन्त्री शेरबहादुर देउवाले राम्ररी बुझेका छन् ।

सत्तासीन नेपाली काँग्रेस एमसीसी पास गराउन स्पष्ट धारणा राखेका छन भने गठबन्धनमा रहेका माओवादी, एकीकृत समाजवादी द्वैध विचारमा संघर्ष गरि रहेका छन भने जसपाका कार्यकारी अध्यक्ष उपेन्द्र यादव एमसीसीको विपक्षमा उभिएका छन् भने सोही पार्टीका संघीय परिषद् अध्यक्ष डा.बाबुराम भट्टराई एमसीसीको पक्षमा वकालत गरिरहेका छन् । एउटै पार्टीभित्र दुई फरक विचार कडा प्रतिस्पर्धीको रूपमा देखिएको छ । दुबै एक अर्कालाई सहमत गराउन सक्ने अवस्थामा नरहेकोले त्यो पार्टी टुट्ने सम्भावना बढी छ ।

बेला बेलामा भारतको विरोध गरी अन्धराष्ट्रवादी शक्तिलाई संगठित पारी राजनीतिक फायदा लिन पल्केकाहरूले भारतसँगको मधुर मैत्री कूटनीतिक सम्बन्धको सन्तुलन कायम राख्न चाहँदैन । लाभकारी स्वार्थ बमोजिम तोड्ने बनाउने कारणले भारतसँगको सम्बन्ध तनावपूर्ण अवस्थामा नै रहेको विगत ७ वर्षको अनुभवले देखाएको छ । त्यस्तै चीनसँगको कूटनीतिक सम्बन्धलाई अस्थिर अवस्थामा राखिएको छ । मन लागे गहिरो सम्बन्ध बनाउने, नलागे तोडी दिने । यस प्रकार चीनसँग पनि कूटनीतिक सम्बन्ध मधुर छैन । भारतको विरोध गरेर चीनसँग असीमित स्वार्थ लाभ प्राप्त गर्ने तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको हास्यास्पद राजनीतिक अभिनय कसैबाट लुकेको छैन । दुई तिहाईको बहुमत पनि चीनकै कृपाले प्राप्त भयो । भारतबिना पनि तेश्रो मुलुकबाट सामान ल्याएर देखाउन सक्ने वीर साहसी प्रधानमन्त्री केपी शर्मा ओलीले पछि चीनको गहिरो विश्वासलाई तोड्दै भारतसँग सम्बन्ध मधुर बनायो । केपी शर्मा ओली मातृ संस्थामा फर्केपछि चीनले नेपालको कम्युनिष्टलाई बडो तीखा व्यंग्य गरेको थियो । नेपालमा चीनले विश्वास गर्ने एउटा पनि कम्युनिष्ट नरहेको अवस्थामा त्यो विश्वास उपेन्द्र यादवमाथि केन्द्रित भयो । क्षेत्रीय पार्टी नै भएपनि चीनले उपेन्द्र यादवलाई नै विश्वास गर्न बाध्य भयो ।

चीन र भारत जस्तै अमेरिका र ईयूले पनि नेपालमा आफ्नो दह्रो पकड बनाएर राखेको छ । अमेरिकाले एमसीसी पास गराएर छाड्ने उसको चट्टानी अडानप्रति सबैलाई जानकारी रहेपनि सबैले द्वैध मानसिकता पालेका छन् । अप्ठ्यारो परे पास गर्ने नपरे विरोध गर्ने ढुलमुल विचार राख्ने दलहरू देशको राजनीतिलाई स्वतन्त्रतापूर्वक अगाडि बढाउन कठीन छ । ताक परे तिवारी नत्र गोतामे जस्तो चरित्रले देशको स्वाभिमानको रक्षा गर्न सम्भव नरहेको स्पष्ट छ ।

राजनीतिक चक्रव्यूहमा खेलिने खेलहरूका मुख्य पात्र नेपाली काँग्रेस र एमालेका संदिग्ध गतिविधिबाट सशंकित भएका नागरिकहरू एमसीसीको विरोधमा सडकमा उर्लेका छन् । तिनको आवाज पहाड फुटाउने जस्तो भयो भने यिनीहरू आन्दोलनको राप ताप देखाएर आफ्नो इज्जत जोगाउन सफल हुन्छन्, होइन भने एमसीसी पास गर्नेतिर जान्छन् ।

चारै महाशक्ति देशको पूर्ण प्रभावमा रहेको नेपाली राजनीतिका रोबोट नेताहरूले देशको स्वाभिमानबारे कुरा गर्दा हाँस्यास्पद लाग्छ । दरिद्र मानसिकता लिएर जन्मेका राजनीतिकर्मीहरू देशले भोगिरहेको दयनीय पीडालाई अनुभूत गर्न सकेका छैनन् । लामो कालदेखि आफ्नै स्वार्थमा लीन भएकाहरू अब धेरै भयो, देशको लागि पनि केही गर्नु पर्दछ भनेर दिव्यज्ञान नहुने खलपात्रबाट देशले के पाउने ? शक्ति देशका मौसमी गुलामहरू निर्विकल्प राजनीतिक शक्तिको रूपमा अहिले राजनीति कब्जा गरेका छन् जसको रिमोट कन्ट्रोल शक्ति देशको हातमा छ । स्वार्थ पूरा गर्ने शक्ति देशको इशारामा हिंड्ने परजीवी राजनीतिकर्मीहरू मौसम अनुसार खेमा परिवर्तन गरिरहन्छन् ।

बडो सरल तरिकाले कार्ड प्ले गर्ने नेपालका राजनीतिकर्मीहरूका लागि अहिले नेपालका लागि राजनीतिक परिस्थिति जटिल बन्दै गएको छ । विगतकालमा नेपालमा गहिरो राजनीतिक प्रभाव जमाउन सफल चीन अहिले टुहुरो अवस्थामा रहेको छ । केन्द्रीय राजनीतिमा पकड खस्किएको अवस्था तथा एमसीसी पास गराउन सक्रिय अमेरिकाको बढदो प्रभावले चीनलाई क्रुद्ध बनाएको छ । भारतसंग पुनश्च तनाव बढेको छ ।

नेपालमा जति अनुपातमा अमेरिकाले शक्ति बढाउँछ, सोही अनुपातमा चीनले पनि शक्ति बढाउने कुरा सार्वजनिक भएको छ । अमेरिकाले नेपालमा सिविल सेना प्रवेश गराएको चर्चाको प्रत्युत्तरमा चीनियाँ सेना नेपाल पठाउने व्यापक चर्चा हुँदैछ । चीनको अमेरिकासँग र चीनको भारतसँगको तनाव युद्धको तयारीसम्म पुगेको स्पष्ट छ । यो तनावको शिकार नेपाल हुने सम्भावना बढ्दै गएको देखिन्छ । यसमा नेपाली राजनीतिकर्मीहरूको भूमिका कहीँ देखिँदैन । आफ्नो देशको स्वाभिमानको रक्षाका लागि भूमिका स्पष्ट पार्न पनि आँट देखाउन को आउने जनता हेर्न चाहन्छन् ।

***मधेशवाणीबाट***

# बक्स अफिस समाचार



नृत्य क्षेत्रमा स्थापित नाम हो शम्भु शाही । नृत्यको विविध विधामा जनकार शाही नृत्य निर्देशक संघ नेपालका उपाध्यक्ष हुन् । नृत्य क्षेत्रमा नयाँ अध्ययन गर्दै सिकेको ज्ञान नयाँ पुस्तामा बाँड्न र संघको शाखालाई देश ब्यापी बनाउने उद्देश्यले शाखा विस्तारमा समेत सक्रिय छन् । नेपाली कल्चरल नृत्यलाई संसारका बिभिन्न देशमा प्रचार र प्रवर्द्धन गर्ने कार्यमा समेत शम्भु शाहीको उल्लेखनीय योगदान रहेको छ । नेपाली नृत्यको माध्यमबाट विश्वलाई नेपाल चिनाउने प्रयास शाहीले २००१ देखि नै शुरु गरेका हुन् । नेपाली टिपिकल नृत्य लिएर विदेशका धेरै मुलुकमा आफ्नो प्रस्तुति देखाइसकेका हालका चर्चित नृत्य निर्देशक शम्भु शाही अभिनयबाट नृत्यमा प्रवेश गरेका हुन् । दर्जनौं राष्ट्रिय स्तरको अवार्ड सम्मानबाट सम्मानित उनले आधा दर्जन बढी नाटकमा अभिनय गरेका छन् । नृत्य क्षेत्रमा सैद्धान्तिक, व्यावहारिक र प्रयोगात्मक शिक्षाको आवश्यक देखिन्छ, यस्तो अवस्थामा पनि नृत्य विधा रोज्ने युवा जमातको कमी छैन । विधा जुनै भएपनि सम्बन्धित विधामा निपुर्णता हासिल गरेका व्यक्ति कहिलै असफल हुँदैन भन्ने मान्यताका नृत्य निर्देशक, नृत्य निर्देशक संघ नेपालका उपाध्यक्ष **शम्भु शाही**ले **मध्यान्ह दैनिक**का लागि **सानु श्रेष्ठ**सँग गरेको कुराकानीको सम्पादित अंश :

# 'विदेशमा पनि नेपाली नृत्यबारे बुझाउनु पर्छ'

**शम्भु शाही, उपाध्यक्ष, नृत्य निर्देशक संघ**

**यतिबेला केमा व्यस्त हुनुहुन्छ ?**

संघको शाखा देशैभर विस्तार गर्ने उद्देश्य लिएर हाम्रो टिम नै सक्रिय रहेको अवस्थामा कोरोनाको तेस्रो लहरले प्रभावित तुल्याएको छ । संघको गतिविधि र आफ्नै व्यवसाय पनि भएकाले यसैमा समय खर्चिरहेको छु ।

**के व्यवसाय गर्नु हुन्छ ?**

व्यवसायीको हिसाबले म अटोमोवाइल व्यवसायी हुँ । शंकर अटो श्रेया अटो इन्टरप्राइजेज कम्पनी छ । यहाँ मोटर गाडी मर्मत र खरिद, बिक्री गर्ने कार्य हुन्छ ।

**कलाकार बन्ने सोच कहिलेबाट आयो ?**

सानैदेखि हो । मेरो बुबा शंकर शाही त्यतिबेलाका नाम चलेका कलाकार हुनुहुन्थ्यो । उहाँकै प्रेरणाले आज यो स्थानमा पुग्न सफल भएको हुँ ।

**जो कोहीले नृत्य गर्न सक्छ ?**

नृत्य यस्तो विधा हो, जसबाट कोही पनि अछुतो रहन सक्दैन । जन्मेदेखि मृत्युसम्म नै सबैले दैनिक रुपमा नृत्य गर्दै आएका हुन्छन् । जानी नजानी दैनिकरुपमा गर्दै आएको नृत्यकलालाई व्यवस्थापन गरेर प्रस्तुति गर्ने र गराउनेलाई नृत्य निर्देशक भनिन्छ । आफ्नो कर्ममा लगनशील इच्छा शक्ति भएको व्यक्तिले मात्र यो स्थान हासिल गर्न सम्भव छ ।

**दक्ष नृत्य निर्देशक बन्न के आवश्यक पर्छ ?**

नृत्य निर्देशक बन्न मुख्यतः अध्ययन नै हो । गीत, संगीतको भाव र संगीत एरेञ्जर तथा गायक सबैको भाव बुझेर आफ्नो भाव पनि संलग्न गरेर नृत्य निर्देशकले प्रस्तुति दिन सक्नुपर्छ । यसले गर्दा नृत्य निर्देशकको ठुलो दायित्य र महत्व हुन्छ ।

**नेपाली नृत्य प्रस्तुतिको लागि देश बाहिर जानु भएको छ ?**

नेपाली टिपिकल कल्चरल नृत्यको बारेमा संसारका सबैलाई जानकार होस् भन्ने उद्देश्यले



दुई दर्जन मुलुकको सांस्कृतिक भ्रमण गरेको छु । स्वीजरल्याण्ड, जापान, अमेरिका, ट्युनिसिया, नेदरल्याण्ड, पोल्याण्ड, फ्रान्स, स्पेन, पोर्चुगल आदि छन् ।

**सांस्कृतिक भ्रमणको समयमा बिर्सन नसकिने कुनै पल छ ?**

पोल्याण्डको लेटमिकामा आयोजित इन्टरनेशनल डान्स फेष्टिबलमा पोल्याण्डको कल्चरल डान्स सिकेर स्थानीयबासी माझ प्रस्तुत गर्दाको क्षण कहिलै बिर्सन सक्दिनँ । हाम्रो डान्स हेरेर पोल्याण्डबासीबाट जुन वाहवाही र सम्मान दिनुभएको थियो आजपनि ताजा नै छ जसमा मलाई नृत्यमा छोरी श्रेयाले साथ दिएकी थिइन् ।

**अभिनयबाट नृत्यप्रति आकर्षित हुनुको कारण ?**

त्यस समयमा अहिलेको जस्तो मिडिया थिएन । कलाकारको महत्व भएपनि कला देखाउने स्थान सीमित थियो । सिरियल र फिल्म कम बन्थ्ये जस्ले गर्दा आफुले चाहे जसरी काम गर्न असम्भव जस्तै थियो । त्यो समयमा नृत्यमा अलि स्कोप छ जस्तो लाग्यो । किन कि अग्रज दाजुहरु डान्स प्रोगाम लिएर विदेश जाने, आफ्नो प्रस्तुति देखाएर फर्कने र आर्थिक हिसावले पनि राम्रै हुने थाहा पाएपछि नृत्यप्रति आकर्षित भएको हुँ । अहिले पनि यसै पेशामा सक्रिय छु ।

**नृत्यको प्रशिक्षण कोसाग लिनुभयो ?**

मेरो नृत्यको गुरु भुवनदास श्रेष्ठ हुनुहुन्छ । उहाँकै सहयोगमा नृत्यमा रुची राख्नु हुने धेरैलाई नृत्य प्रशिक्षण दिने काम भयो । गुरु श्रेष्ठ नृत्य निर्देशक संघका वर्तमान अध्यक्ष हुनुन्छ ।

**नेपाली नृत्य क्षेत्रको अवस्था कस्तो छ ?**

पछिल्लो समय नृत्य क्षेत्रको अवस्था एकदम राम्रो भएको छ । यसलाई सकारात्मक रुपमा लिन सकिन्छ । विद्यालयहरुमा नृत्यलाई अनिवार्य जस्तै बनाएको छ । नृत्य विधामा नै महिलाहरुको लागि स्नाकोत्तरसम्मको अध्ययन गर्न र पुरुषहरुको लागि स्नातकसम्मको अध्ययन गर्न पाउँछन् । विभिन्न रियालिटी शोहरु आइरहेका छन् भने नृत्यलाई नै करियरको रुपमा लानेहरुको जमात पनि देखिन्छ । यो सबै नृत्य क्षेत्रका लागि सकारात्मक पक्ष हो ।

**तपाईंलाई मनपर्ने नृत्य ?**

हुन त मलाई सबैखाले नृत्यका विधा मनपर्छ । विशेषतः नेपाली झ्याउरे, नेवारी, तामाङ, सेब्रु, कौडा नृत्यमा अलि बढी प्रस्तुति दिएको छु स्टेजमा ।

**यस पेशाबाट सन्तुष्ट हुनुहुन्छ ?**

पहिचान बनेको छ । कलाकारिताबाट सुखसयल तथा आत्मसन्तुष्टि सबै पाएको छु । कुनै गुनासो छैन ।

**तपाईंलाई मनपर्ने नृत्यकार ?**

यही भन्ने छैन, नृत्यमा समर्पित भएर नृत्यलाई पुजाको रुपमा लिनु हुन्छ उहाँहरु सबै मनपर्छ ।

**नृत्य क्षेत्रमा सुधार्नु पर्ने कुरा ?**

कतिपय अवस्थामा के देखिन्छ भने नाच्नकै लागि शरीर हल्लाई रहेको जस्तो लाग्छ । त्यसो गर्नु हुँदैन, किन कि जुन नृत्य गर्न लागेको हो त्यो नृत्यको बारेमा बुझ्नु र अनुसन्धान गर्नु आवश्यक छ । सुष्मरुपले अध्ययन गरी प्रस्तुति दिने गर्दा नृत्य क्षेत्रमा सुनमा सुगन्ध थपिन्छ ।

# सुमनले अमेरिकाबाटै बनाए सर्ट फिल्म 'शंका'

**लेक्सिनटन, अमेरिका/मस-** पछिल्लो समय अमेरिकामा रहेका नेपाली सिनेकर्मीहरु पनि सक्रिय हुँदै आएका छन् । यस्तै अमेरिकामा रहेर पनि चलचित्र, भिडियो निर्माण निर्देशनमा सक्रिय निर्देशक सुमन दाहालको निर्देशनमा अमेरिकाबाट नेपाली सर्ट फिल्म 'शंका' निर्माण गरिएको छ । यो सर्ट फिल्मलाई सम्राट क्रियसन युट्युव च्यानलबाट शुक्रबार सार्वजनिक गरिएको हो ।

यो चलचित्रको छायांकन अमेरिकाको दक्षिणपुर्वी राज्य केन्टकीको लेक्सिनटन शहर र यसका आसपासका क्षेत्रमा गरीएको थियो । लघु चलचित्र शंकामा चुडामणि अवस्थी, सविता चौलागाई केसी, बिष्णु डुम्रे, भुवन लोहनी, सन्दिप अर्यालसहितका कलाकारको अभिनय रहेको छ ।

चुडामणि अवस्थीको कथा र अक्की शर्माको छायांकन रहेको यो फिल्ममा सन्दिप अर्यालले ब्यबस्थापनको काम गरेका छन । शंकाको सम्पादन भने भुपेन्द्र अधिकारीको रहेको छ । रेनिश फागोल् कलर र मुकेश साहको मिक्सिंग तथा एलिस कार्कीको पार्श्व संगित रहेको शंकामा सुदन डोटेल र सरोज प्याकुरेलले शबटाइटल गरेका छन् । श्रीमान श्रीमतीबीचमा हुने शंकाले कस्तो अवस्था निम्त्याउँछ भन्ने कुरा चलचित्रमा समेटिएको निर्माण पक्षले जनाएको छ । निर्देशक सुमनले भने, 'हामीले पारिवारिक समस्याको विषयलाई उठाएर शिक्षा, सचेतना फैलाउने खालको सन्देशमुलक चलचित्र बनाएका छौं ।'



हालैमात्र उनले हेर्दा हेर्दै यो केटी, यो जीवन मीठो, तिमीसग छुट्टिएर सहित केही म्युजिक भिडियो पनि त्यहींबाट निर्माण/निर्देशन गरेर सार्वजनिक गरिसकेका छन् । उनले केही महिना यताबाट आफ्ना निर्देशनमा नियमति रुपमा अमेरिकाबाटै ल्याक्सिनटन दोहोरी कार्यक्रम निर्माण एवं प्रस्तुत गर्दै आएका छन् ।

मन परेपछि, नो स्मोकिङ जस्ता चलचित्र निर्देशन गरेका सुमन नेपाली चलचित्र निर्देशक समाजका पूर्व उपाध्यक्ष हुन् ।

# 'दार ठेकीको' म्युजिक भिडियो सार्वजनिक

**काठमाडौं/मस-** पाल्मु शेर्पाको डेब्यु म्युजिक भिडियो 'दार ठेकीको' सार्वजनिक भएको छ । गीतमा उनलाई गायक प्रदीप लामाले स्वरमा साथ दिएका छन् । शेर्पाको नादिङ भाकाको गीतमा जीवन बोम्जनको शब्द रहेको छ । गीतमा अमृत लामाको सङ्गीत रहेको छ । जोगलाल लामाले यस गीतलाई सङ्गीत संयोजन गरेका हुन् ।



सिन्धुपाल्चोक जिल्लाकै उत्कृष्ट पर्यटकीयस्थलका रुपमा परिचित भोटेकोसी गाउँपालिकाको बगम र छगम गाउँमा भिडियोको छायाङ्कन भएको छ । प्रकाश वाइबा तामाङले भिडियो खिचेका हुन् । राज किङ वाइबाले कोरियोग्राफी गरेको भिडियोमा छोङ्गोपो रिञ्छेन शेर्पा र मिङ्मर डोमा शेर्पाको अभिनय छ । रोशन फ्युबाको सम्पादन र निर्देशनमा भिडियो तयार पारिएको हो । निर्माण समूहले यस गीतको म्युजिक भिडियो हेरेर प्रतिक्रिया दिन सबैलाई आग्रह गरेको छ ।


## लिखु गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**यसम, ओखलढुंगा, प्रदेश नं. १, नेपाल**

**करारमा कर्मचारी पदपूर्ति सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०७८।१०।१६**

लिखु गाउँपालिका स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको लागि देहायको कर्मचारीको सेवा करार अन्तर्गत पदपूर्ति गर्नु पर्ने भएको हुँदा योग्य उम्मेद्वारबाट मिति २०७८/१०/२३ गते सम्म दरखास्तको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र. स. | वि.नं. | सेवा | पद | तह | माग संख्या | न्युनतम शैक्षिक योग्यता | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|---|---|
| १ | ०३-०७८/०७९ | स्वास्थ्य | स्टाफ नर्स | पाँचौ | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ् विषयमा प्रविणता पत्र तह उत्तीर्ण गरेको | रु. ७०० |

**द्रष्टव्यः-** विस्तृत विवरण, कार्यालयको वेभसाईट **www.likhumunokhaldhunga.gov.np** बाट प्राप्त गर्न सकिनेछ तथा थप जानकारीको लागि यस कार्यालयको सामान्य प्रशासन शाखामा सम्पर्क राख्नु होला ।

**नि. प्रमुख प्रशासकीय अधिकृत**



## Mallarani Rural Municipality
## Office of Rural Municipal Executive
**Khalanga, Pyuthan**

**Issuance of Letter of Intent to Award the Contract**

**Date of Publication: 30 January 2022**

As per Public Procurement Act 2063, Section 27, this is to notify to all bidders that, it is our intention to award the contract to following listed bidders notice published on 2078-09-02(17th December 2021) in Himalayan Times Daily Newspaper for execution of the construction work as corrected in accordance with the Instructions to Bidders is hereby selected as substantially responsive lowest evaluated bid.

| S. N. | Name of Project | Contract Identification No. | Name & Address of Bidder | Bid Amount including VAT & PS (Nrs.) |
|---|---|---|---|---|
| 1. | Jhimruk Jhakristhan Katrekhola Gutkasheri Sadak Staronnati ward No. 4 | MRM/NCB/ 2078/079/04 | Newa Construction, Mallarani-04,Pyuthan | NRs. 6922501.52 |

**Chief Administrative Officer**



**प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**यातायात पूर्वाधार निर्देशनालय**
## पूर्वाधार विकास कार्यालय
**उदयपुर, प्रदेश नं. १**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मितिः २०७८।१०।१६)**

यस कार्यालयको बार्षिक कार्यक्रम अनुसार मूख्यमन्त्री ग्रामीण सडक तर्फका तपसिल बमोजिमको ठेक्काहरुको लागि मिति २०७८।०९।०६ मा प्रकाशित सूचना अनुसार **E-Submission** बाट दर्ता भई तपसिलमा उल्लेखित वोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्विकृतीको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनको लागि प्रकाशित मितिदेखि ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ । साथै सार्वजनिक खरिद ऐन, २०६३ दफा ४७ को प्रयोजनार्थ सम्वन्धित सवै वोलपत्रदाताहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपसिल**

| सि. नं | ठेक्का न. | कार्यको विवरण | बोलपत्रदाताको नाम ठेगाना | कवोल रकम (मु.अ.कर र पि.एस. समेत ) रु |
|---|---|---|---|---|
| 1 | IDO/UDA/NCB/ W/01/078-079 | Upgrading of Shibnagar-Andheri-Hadiya Bazar-Sundarpur-Fhattepur Road | Sagarmatha Construction, Triyuga-11, Udayapur | 8107597.02 |
| 2 | IDO/UDA/NCB/ W/02/078-079 | Upgrading of Murkuchi -Puware Bhanjyang Road. | Galan Infratech/P.K. Nirman Sewa JV, Kathmandu | 2573626.36 |
| 3 | IDO/UDA/NCB/ W/03/078-079 | Upgrading of Rupatar Katahare Tamakharka Road. | D.R. Construction, Triyuga-03 | 2090300.49 |
| 4 | IDO/UDA/NCB/ W/04/078-079 | Upgrading of Bhantabari-Kapase-Sarswoti-Dhaure-Chilaunebhanjyang Road. | Maheswori Nirman Sewa, Triyuga-07 | 2505808.43 |

# ११ वर्षपछि मैत्रीपूर्ण खेलमा जित

## विमलको गोलमा नेपाल मरिससविरुद्ध १–० गोल अन्तरले विजयी



**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ माघ

नेपालले ११ वर्षपछि मैत्रीपूर्ण खेलमा जित हासिल गरेको छ। नेपाली राष्ट्रिय फुटबल टिमले पहिलो मैत्रीपूर्ण खेलमा अफ्रिकी राष्ट्र मरिससलाई पराजित गर्दै ११ वर्षपछि मैत्रीपूर्ण खेलमा जित हात पारेको हो । सन् २०११ मा भुटानलाई पराजित गरेपछि नेपालले अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेलमा जित निकाल्न सकेको थिएन ।

शनिबार त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा भएको खेलमा नेपालले मरिससलाई १-० गोल अन्तरले हराएको हो । नेपाललाई जित दिलाउन विमल घर्ति मगरले निर्णायक गोल गरे । प्रतिबन्ध र चोटका कारण लामो समयपछि टिममा पुनरागमन गरेका विमलले खेलको ५५ औं मिनेटमा गोल गरेका हुन् । अन्जन विष्टको लामो पासमा पेनाल्टी क्षेत्रको ठिक बाहिरबाट विमलले प्रहार गरेको बल गोलमा परिणत भयो । नेपालको लागि यो उनको नवौं गोल हो ।

खेलको पहिलो हाफ बराबरीमा सकिएको थियो । खेलको दोस्रो मिनेटमा नै सुनिल बलको फ्रिकिक डिफ्लेक्ट हुँदै बाहिरिँदा नेपाल अग्रता लिनबाट चुकेको थियो । त्यसपछि अन्जन विष्टको प्रहारलाई मरिससका गोलरक्षक केभिन जित लुइसले बचाए ।

त्यस्तै खेलको १६औं मिनेटमा एड्रिएन फ्रान्कोइसको प्रहारलाई नेपालका डिफेन्डर देवेन्द्र तामाङले रोके । ३१औं मिनेटमा सुमन लामाको ३० यार्ड टाढाको सशक्त प्रहार पोस्टनजिकैबाट बाहिरिँदा नेपाल अग्रता लिनबाट पुनः चुकेको थियो । यस्तै मरिससका लागि ३६औं मिनेटमा एड्रिएन फ्रान्कोइसको प्रहारलाई नेपालका गोलरक्षक तथा कप्तान किरण चेम्जोङले नियन्त्रणमा लिँदै गोल हुनबाट बचाए ।

४५औं मिनेटमा अन्जन विष्टले सुवर्ण अवसर चुकाउँदा नेपाल पनि अग्रताबाट चुक्यो । डिफेन्डरको गल्तीमा अन्जनले अवसर पाएपनि उनको प्रहार दोस्रो बार च्याप्दै थोरै बाहिरियो । मरिससका लागि ४६औं मिनेटमा फर्नान्डो ज्याक्सनको प्रहार पोलमा लागेर फर्कदा नेपाल गोल खानबाट बच्यो ।

पहिलो हाफको तुलनामा दोस्रो हाफमा सुधारिएको प्रदर्शन गरेको नेपालले गोलका केही राम्रा अवसर चुकाउन पुग्यो । ७८ मिनेटमा अन्जन विष्टले डिबक्सबाट उत्कृष्ट प्रहार गर्दा पोलमा लागेको थियो । लगत्तै सुमन लामाको प्रहार बारमा लागेर फर्किएको थियो । रिबाउन्डमा जगजित श्रेष्ठको प्रहारलाई मरिसका गोलकिपरले रोके ।

त्यसअघि ७५ मिनेटमा पनि जगजीत श्रेष्ठले गरेको फ्रिकिक प्रहारमा अन्जन विष्टको हेडर क्रसबारमा लागेर फर्किंदा नेपाल गोल गर्न चुकेको थियो ।

हाल फिफा वरीयताको १६९औं स्थानमा रहेको नेपालले मरिसससँग पहिलो पटक खेलेको हो । फिफा वरीयताको १७२औं स्थानमा रहेकाले मरिससविरूद्ध नेपालले मंगलबार दोस्रो अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेल खेल्नेछ ।

### सुदिप र आकाशको डेब्यु

अफ्रिकी राष्ट्र मरिससविरुद्धको मैत्रीपूर्ण खेलबाट डिफेन्डर सुदिप गुरुङ र मिडफिल्डर आकाश बुढामगरले नेपाली राष्ट्रिय फुटबल टिममा डेब्यु गरेका छन् । मरिससविरुद्ध शनिबार दोस्रो हाफमा मैदान प्रवेश गर्दै सुदिप र आकाशले डेब्यु गरेका हुन् । सुदिप र आकाश दुबै जना सातदोबाटो युथ क्लबबाट खेल्ने गर्छन् ।

८५औं मिनेटमा सुरज ज्यु ठकुरीको स्थानमा मैदान प्रवेश गर्दै सुदिपले राष्ट्रिय टिममा डेब्यु गरेका हुन् भने आकाश इन्ज्युरी समयको थप गरिएको पहिलो मिनेटमा तेज तामाङको स्थानमा मैदान प्रवेश गर्दै डेब्यु गरेका हुन् । राष्ट्रि टिमका मुख्य प्रशिक्षक अब्दुल्लाह अल्मुताइरीले ए डिभिजन लिगमा राम्रो प्रदर्शन गरेको आधारमा उनीहरुलाई राष्ट्रिय टिममा स्थान दिएका हुन् ।

### प्रशिक्षकद्वारा खेलाडीको तारिफ

नेपाली राष्ट्रिय टिमका मुख्य प्रशिक्षक अब्दुल्लाह अल्मुतारीले मरिससविरुद्धको खेलमा खेलाडीहरुले राम्रो खेलेको भन्दै तारिफ गरेका छन् ।

शनिबार मरिससविरुद्धको खेलपछि पत्रकार सम्मेलनमा उनले खेलाडीले हृदयबाटै खेलेको कारण जित निकाल्न सफल भएको बताए । तर केही अवसर खेर फालेको भन्दै उनले पूरा सन्तुष्ट भने नभएको बताए ।

साफ खेलकुदपछिको राम्रो खेल मरिससविरुद्ध भएको प्रशिक्षक अल्मुताइरीको भनाइ छ । उनले आफूहरुको लक्ष्य एसिया कप र विश्वकप छनोट रहेको बताए । यस्तै प्रशिक्षक अल्मुताइरीले आफु समर्थकप्रति नतमस्तक भएको बताए ।

यस्तै मरिससका मुख्य प्रशिक्षक टोनी फ्रान्कोइसले नेपालले राम्रो खेलेको प्रतिक्रिया दिए । उनले आफूहरुको केही गल्तीको फाइदा नेपालले उठाएको पनि बताए ।

फ्रान्कोइसले छोटो समयको तयारीले पनि आफ्ना खेलाडीले राम्रो खेलेको बताए । उनले आजको खेलमा महत्वपूर्ण चार जना खेलाडीबिनै उत्रिएको भन्दै आगामी खेलमा उनीहरुलाई मैदानमा उतार्दा अझ खेल राम्रो हुने विश्वास प्रकट गरे ।

# एपीएफ पहिलोपटक आहा रारा च्याम्पियन




**पोखरा/मस–** २० औं संस्करणको आहा रारा गोल्डकपको उपाधि विभागीय टिम एपीएफ फुटबल क्लबले जितेको छ। छ पटकको च्याम्पियन मनाङ मर्स्याङ्दी क्लबलाई पराजित गर्दै एपीएफले पहिलो पटक आहा रारा गोल्डकपको उपाधि जितेको हो । शनिबार पोखरा रंगशालामा भएको फाइनल खेलमा एपीएफ मनाङलाई टाइब्रेकरमा ५-४ गोल अन्तरले हराउँदै इतिहास रच्न सफल भएको हो ।

आहा रारामा १४ वर्षपछि फाइनलमा स्थान बनाएको एपीएफले च्याम्पियन बन्दै १० लाख एक हजार रुपैयाँ पुरस्कार र ट्रफी हात पार्न सफल हुँदा मनाङले पाँच लाख एक हजार रुपैयाँमा चित्त बुझाउन बाध्य बन्यो । हालसम्म उपाधि जित्न नसकेको विभागीय टोली एपीएफले उपाधि उचालेसँगै आहा राराले नयाँ च्याम्पियन पाएको छ ।

खेलको निर्धारित र अतिरिक्त ३० मिनेटको खेल दुई गोलको बराबरीमा सकिएपछि टाइब्रेकरबाट खेलको निर्णय गरिएकोमा एपीएफ बाजी मार्न सफल भयो । एपीएफको जितमा गोलकिपर युया कोरियामा नायक बने । पेनाल्टी सुटआउटमा मनाङका ओलावाले अफिजको प्रहारलाई रोक्दै कोरियामाले एपीएफलाई उपाधि दिलाए ।

टाइब्रेकरमा एपीएफका नवीन लामा, सनिष श्रेष्ठ, रवि थिङ, मणि लामा र अर्मान्ड बिडोमले गोल गर्न सफल भए । मनाङका फ्रेङलिन, दयानन्द सिंह, शिव गुरुङ र रुपेश केसीले मात्र गोल गरे । खेलको २१औं मिनेटमा एपीएफका युवराज खड्काले गोल गर्दै अग्रता बनाएका थिए । पहिलो हाफमा १-० ले पछि परेको मनाङले दोस्रो हाफमा खेलको ६७औं मिनेटमा दयानन्द सिंहको गोलमार्फत खेल बराबरीमा ल्याउन सफल भयो ।

खेलको ८४औं मिनेटमा फ्रेङलिनको गोलमार्फत मनाङले अग्रता बनाएर विजय नजिक पुगेको अवस्थामा पाँच मिनेटको इन्ज्यूरी समयको पहिलो मिनेटमा एपीएफका रवि थिङले गोल गर्दै खेललाई अतिरिक्त समयमा लैजान सफल भए । अतिरिक्त समयमा दुवै टोलीबाट कुनै पनि गोल हुनसकेको थिएन । 'क्याराभान गोल्डकप' सहित १२औं पटक फाइनल खेलेको मनाङलाई दुईपटक मात्र फाइनल पुगेको एपीएफले स्तब्ध बनाउँदै उपाधि जित्न सफल भएको हो ।

---

**प्रस्तावित संरचनाहरू भत्काई बिक्रि वितरण गर्ने कार्यको लागि बोलपत्र आव्हान सम्बन्धि सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०७८/१०/१६**

यस झिर्पू माध्यामिक विद्यालयको विद्यालयमा भएका संरचनाहरु भत्काई निस्केको समान उठाई लाने गरि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू संलग्न गरी विद्यालयले तोकेको शर्तहरुको अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रकाशन गरिएको छ ।

बोलपत्र नं. – **JHIRPU/WORK/NCB/2/2078/79**
न्युनतम बोलपत्र रकम (मु.अ. कर सहित)– **७,९०,०००.००**
बोलपत्र दस्तुर–**१०००**
धरौटी रकम – **कबोल अंकको ५ (पाँच) प्रतिशत**
**अधिकतम कबोल अंकको बोलपत्रदातालाई कन्ट्र्याक्ट अवार्ड गरिनेछ ।**

१. बोलपत्र फाराम यो सूचना प्रकाशित भएको ८ औं दिनसम्म १२:०० बजेभित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको **www.bolpatra.gov.np** बाट बोलपत्र सम्बन्धि कागजातहरु डाउनलोड गरि वा कार्यालयबाट प्राप्त गरि १२:०० भित्र बोलपत्र पेस गरि सक्नु पर्नेछ । बोलपत्र फाराम दस्तुर तथा धरौटी रकम एन.सि,सि बैंक, शाखा कार्यालय बाह्रविसे, सिन्धुपाल्चोकमा रहेको यस विद्यालयको नाममा रहेको खाता नं. ००४००००६०४३०१ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन संलग्न गर्नुपर्नेछ । धरौटी रकम इजाजत प्राप्त बैंकबाट यस विद्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी ९० दिनको म्याद सहित जारी गरिएको बिड बन्ड पनि पेश गर्न सकिनेछ ।

**श्री झिर्पू माध्यामिक विद्यालय**
**भोटेकोशी गाउँपालिका-०४, सिन्धुपाल्चोक**

---

**Province Government**
**Lumbini Province**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**

**Road Infrastructure Development Office**
**Rukum (East)**

**Issuance of Letter of Intent to Award the Contract**

**Date of Publication: 2078/10/16**

As per Public Procurement Act 2063, Section 27,this is to notify to all bidders that, it is our intention to award the contract to following listed bidders, the notice of which was published on 2078-09-11 for execution of the Construction of Road as corrected in accordance with the Instructions to Bidders is hereby selected as substantially responsive lowest evaluated bid.

| S.N. | Lowest Evaluated Bidder | Name of Road | Contract Identification No. | Evaluated Bid Amount Including VAT (Nrs.) |
|---|---|---|---|---|
| 1 | M/s P.L Nirman Sewa,Juggar-08, Rolpa | Construction of Garali chuma krishi sadak, Putha-8. | RIDO/RUK/W/Ro/ NCB/30/078-79 | 2,552,501.24 |
| 2 | M/s P.L Nirman Sewa,Juggar-08, Rolpa | Construction of Namgad chargaun kukurgade arjal maikot sadak. | RIDO/RUK/W/Ro/ NCB/31/078-79 | 2,867,919.20 |
| 3 | M/s P.L Nirman Sewa, Juggar-08, Rolpa | Maintanance of Bagtare Gunam Maring Tribeni Road | RIDO/RUK/W/Ro/ NCB/33/078-79 | 1,635,723.88 |
| 4 | M/s M.B. Group Pvt. Ltd., Sisne-06, Chipridaha, Rukum East | Construction of Chunbaang Rukumkot Road Rukum | RIDO/RUK/W/Ro/ NCB/37/078-79 | 3,684,081.78 |
| 5 | M/s P.L Nirman Sewa,Juggar-08, Rolpa | Maintenance of saakim Kanda Morbang Road | RIDO/RUK/W/Ro/ NCB/38/078-79 | 1,899,376.12 |

**Office Chief**

---

**इच्छाकामना गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**कुरिनटार, चितवन**

**बोलपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति :२०७८/१०/१६**

यस इच्छाकामना गाउँपालिका कार्यालयको तपसिलमा उल्लेखित कार्यहरु **E-Bidding** माध्यमवाट गराउनु पर्ने भएकाले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक सप्लायर्स, विकेता तथा व्यवसायीहरुबाट निम्न शर्तको अधिनमा रही रितपूर्वकको **E-Bidding** माध्यमवाट बिड गर्न यो सुचना आव्हान गरिएको छ ।

**तपसिल**

१. बोलपत्र फाराम खरिदको लागि नवीकरण भएको इजाजतपत्र, आयकरदर्ता प्रमाणपत्र, मू.अ.क. दर्ता प्रमाणपत्र, फर्म संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र र आ.व. ०७७/०७८ को कर चुक्ताको प्रतिलिपि र निवेदन सहित यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन सम्ममा तपसिलमा उल्लेखित दस्तुर जम्मा गरी (फिर्ता नहुने गरी) **www.bolpatra.gov.np/egp** मार्फत खरिद गर्न सकिनेछ ।
२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिन, दिनको १२:०० बजे भित्र दाखिला गरिसक्नु पर्ने छ । यसरी दर्ता हुन आएका बोलपत्रहरु सोही दिन दिनको १:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
३. बोलपत्र खरिद र दर्ता गर्ने अन्तिम दिन विदापरेमा सोको भोलीपल्ट कार्यालय खुलेको दिन सोहि समयमा उपरोक्त अनुसारको कार्य हुनेछ ।
४. बोलपत्र साथ जमानत वापतको निम्न विवरणमा उल्लेखित रकम ग्लोवल आइ एम ई बैंक लि कुरिनटार, चितवन स्थित इच्छाकामना गाउँपालिका कार्यालय चितवनको धरौटी खाता नं. **GA-3C401010000021** मा जम्मा गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिवाट १२० दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत (बैंक ग्यारेन्टी) पेश गर्नु पर्नेछ ।
५. बोलपत्र फाराम वापतको दस्तुर ग्लोवल. आइ. एम. ई. बैंक लि कुरिनटार, चितवन स्थित इच्छाकामना गाउँपालिका कार्यालय चितवनको आन्तरिक राजस्व खाता नं. **GA-1-1C404010000004** मा जम्मा गरेको भौचरको **scan copy** समेत पेश गर्नु पर्ने छ ।
**कार्यालय कोड-35-365-19**
६. कालोसुचिमा नपरेको स्वयं घोषणापत्र समेत पेश गर्नु पर्नेछ ।
७. बोलपत्रमा मू.अ.क. बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ । बोलपत्र भर्दा दररेट स्पष्ट रुपमा अक्षर र अंकमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिइनेछ । म्याद नाघि आएको र रित नपुगेको बोलपत्र उपर कुनै कार्वाही गरिने छैन ।
८. एक फर्मको नाममा खरिद गरिएका बोलपत्र अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।
९. बोलपत्र दाताहरुले वढिमा तिनवटा फर्महरुको एक संयुक्त उपक्रम बनाई बोलपत्र पेश गर्न सक्नेछन् । तर एक बोलपत्र दाताले संयुक्त उपक्रमको साझेदार वा व्यक्तिगत मध्ये कुनै एउटा मात्र बोलपत्र पेश गर्न सक्नेछ ।
१०. कार्यालयको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा स्वीकृत नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।
११. सूचनामा उल्लेख नभएको कुराहरुका हकमा सार्वजनिक खरिद ऐन,२०६३ एवं नियमावली,२०६४ र प्रचलित कानून बमोजिम हुनेछन् ।
१२. बोलपत्रदाताले लागत अनुमान भन्दा १५% भन्दा कम अंक कबोल गरेमा कबोल अंकको ५% र लागत अनुमानको १५% भन्दा बढी घटेर कबोल गरेको अवस्थामा १५% भन्दा जति घटि कबोल गरेको सो को ५०% ले हुन आउने रकम कबोल अंकको ५% मा थप गरि कार्य सम्पादन जमानत राख्नु पर्नेछ ।
१३. प्रि बिड मिटिङ सुचना प्रकाशित भएको मिलिले २१ औ दिन दिनको ठिक १ बजे यस कार्यालयमा हुनेछ र यदि उक्त दिन विदापरेमा सोको भोलीपल्ट कार्यालय खुलेको दिन सोहि समयमा उपरोक्त अनुसारको कार्य हुनेछ ।
१४. संझौता गरी काम सम्पन्न नगर्ने फर्मलाई नियमानुसार कालो सूचीमा दर्ताको लागि सम्वन्धित निकायमा लेखि पठाइनेछ ।
१५. ठेक्का स्वीकृत भएपछि सम्झौता गरि तोकिएको काम समयसिमा भित्र नसक्ने प्रस्तावदातालाई अर्को १ आर्थिक वर्षको लागि नकारात्मक सूचिमा राखिने एवं अर्को २ आ.व. गाउँपालिकाको कुनै पनि ठेक्कामा निजको प्रस्ताव स्वीकृत गरिने छैन।
१६. कामको विवरण निम्नानुसारको छ ।

| सि.नं. | ठे.नं . | कामको विवरण | ल.ई.रकम (मु.अ.क. र कन्टिन्जेन्सी वाहेक) | जमानत रकम | फाराम खरिद दस्तुर | माध्यम |
|---|---|---|---|---|---|---|
| १. | NCB/IRM/20/ 078/079 | "Ichhakamana Ward-5 Office Building Construction works. | 71,91,501.27 | 2,49,900.00 | 3000.00 | बोलपत्र |

**प्रमुख प्रशासकीय अधिकृत**

गो.द.का.द.नं. ३३/०६९/०७०



कोरोना महामारीको कारण अर्थतन्त्रका केही क्षेत्र अत्यन्तै प्रभावित बन्न पुगेका छन् । जसमध्ये पर्यटन क्षेत्रको एउटा महत्वपुर्ण हिस्सा होटल तथा रेष्टुरेन्टलाई सरकारले अतिप्रभावित क्षेत्रको रूपमा समेत दर्ज गरेको छ । ३ वर्षदेखि निरन्तर चलिरहेको महामारीका कारण होटल क्षेत्रमा लगानी गर्ने व्यवसायीहरुलाई आफ्नो व्यवसाय धान्न नै मुस्किल भइरहेको देखिन्छ । कयौंन व्यवसायीहरु आफ्नो व्यवसायबाट नै पलायन हुन पुगेका छन् । प्रस्तुत छ, यीनै समसामयीक सन्दर्भमा रहेर होटेल व्यवसायी महासंघ गण्डकी प्रदेशका महासचिव **देवेन्द्र लम्साल**सँग **मध्यान्ह राष्ट्रिय दैनिक**का संवाददाता **नारायण अर्याल**ले गरेको कुराकानीको सम्पादित अंश :



# घोषणा नगरिए पनि होटेल क्षेत्रमा लकडाउन जस्तै छ

**देवेन्द्र लम्साल**
महासचिव, होटल व्यवसायी महासंघ, गण्डकी प्रदेश

**मुलुकमा ओमिक्रोनको महामारी चलिरहेको छ । यो अवस्थामा गण्डकी प्रदेश र मुख्यत: पोखरा भित्रका होटल तथा रेष्टुरेन्टहरुको अवस्था कस्तो रहेको छ ?**

नेपालकै पर्यटन क्षेत्रको हबको रूपमा गण्डकी प्रदेश र पोखरालाई मानिन्छ । अहिले सरकारले लकडाउन नै त घोषणा गरेको छैन्, तर ओमिक्रोनको महामारी र सरकारद्वारा सचेतनाको क्षेत्रमा गरेको प्रचारका कारण होटल तथा रेष्टुरेन्टमा ग्राहकहरू आउन छाडेका छन् । विदेशी हिजोआजको अवस्था हेर्दा विदेशी पर्यटक आउने क्रम त सुन्य जस्तै रहेको देखिन्छ भने स्वदेशी पर्यटक तथा ग्राहकहरूको चहलपहल पनि लगभग विगतको लकडाउनको अवस्था जस्तै भएको छ । दुई वर्षदेखि निरन्तर फैलिएको कोरोना महामारीको कारण यहाँको समग्र पर्यटन क्षेत्र अत्यन्तै प्रभावित भएको छ । गण्डकी प्रदेशभित्रका होटल तथा रेष्टुरेन्टमा झण्डै ४० हजार मजदुरहरूले काम गर्छन् । होटल तथा रेष्टुरेन्ट व्यवसायीहरू मात्रै नभएर ती हजारौं मजदुर र उनीहरूको परिवारसमेत अत्यन्तै प्रभावित बनेको अवस्था छ ।

**ओमिक्रोनको महामारीको सन्दर्भलाई लिएर सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरेतापनि सरकारले लकडाउन चाहिँ घोषणा गरेको छैन्, तरपनि ग्राहकहरु आउने क्रम देखिन सकेन ?**

अहिले सरकारले घोषित रूपमा लकडाउन घोषणा नगरेतापनि ओमिक्रोन भेरियन्टको संक्रामक दर निकै तिव्र हुने भन्ने र त्यसै अनुसार संक्रमित धेरै भएको भन्ने हल्लाले आन्तरिक पर्यटक समेत एक प्रदेशबाट अर्को प्रदेश र एक शहरबाट अर्को शहरमा नहिँडेको अवस्था देखिएको छ । साथै सरकारले सजगताको लागि गरेको प्रचारका कारणपनि हुनसक्छ । अहिले चहलपहल बिल्कुलै नभएको देखिन्छ । लगभग लकडाउन भनेजस्तै अवस्था रहेको महसुस भएको छ । पोखरा आँफैमा जनसंख्या कम भएको ठाउँ हो । यहाँ बाहिरबाट आगन्तुकहरू आएर मात्रै पर्यटन व्यवसायले गति लिने हो । अहिलेको अवस्थामा पोखराको पर्यटन व्यवसाय अत्यन्तै प्रभावित बनेको अवस्था छ ।

**वर्तमानमा कोरोना महामारीको तेस्रो लहरसंग हामीहरु जुधिरहेका छौं । संघीय र गण्डकी प्रदेश सरकारले महामारी प्रभावित क्षेत्रलाई विभिन्न प्रकारका राहत तथा सहुलियतपुर्ण कार्यक्रम उपलब्ध गराउने घोषणा गरेको थियो । के कति होटल तथा रेष्टुरेन्ट व्यवसायीहरुले त्यस्तो प्रकारको राहत तथा सहुलियत ऋण पाउन सफल भए ?**

> गण्डकी प्रदेशभित्रका होटल तथा रेष्टुरेन्टमा झण्डै ४० हजार मजदुरहरुले काम गर्छन् । होटल तथा रेष्टुरेन्ट व्यवसायीहरु मात्रै नभएर ती हजारौं मजदुर र उनिहरुको परिवारसमेत अत्यन्तै प्रभावित बनेको अवस्था छ ।



कोरोना महामारीले प्रभावित गरेको पहिलो वर्ष नै हामीले महासंघको तर्फबाट तत्कालिन मुख्यमन्त्री पृथ्वी सुब्बा गुरूङको नेतृत्वमा रहेको सरकारलाई महामारीबाट पिडित होटल तथा रेष्टुरेन्ट व्यवसायको क्षेत्रलाई राहत तथा सहुलियतपुर्ण कार्यक्रम ल्याउन माग गरेका थियौं । त्यसको लागि हामीले धेरै चरणमा छलफल तथा अर्न्तक्रिया गरेका थियौं । त्यसै अनुरूप तत्कालिन सरकराले आफ्नो नीति तथा कार्यक्रममा कार्यक्रममा होटल तथा रेष्टुरेन्ट व्यवसायको क्षेत्रलाई अति प्रभावित क्षेत्रको रूपमा लिएर सहुलियतपुर्ण ऋण र पुर्नकर्जा कार्यक्रमहरूलाई सम्बोधन गर्ने काम गऱ्यो । तर त्यसको कार्यविधी भने अत्यन्तै झन्झटिलो बन्न पुग्यो । कतिपय साना व्यवसायीहरूको धितो नहुने तर त्यही व्यवसायलाई धितो नमान्ने विषय कार्यविधीमा राखियो । बैंकहरूले सहुलियत तथा पुर्नकर्जा प्रवाह गर्दा अनिवार्य धितोको व्यवस्था हुनुपर्ने सर्तलाई अगाडि सारे । जसकारणले गर्दा धितो सम्पन्न भएका र सिमित पहुँचवाला व्यवासायीहरूले मात्रै सहुलियतपुर्ण तथा पुर्नकर्जा प्राप्त गर्ने अवस्था सिर्जना भयो । झन्झटिलो कार्यविधीका कारण झण्डै ९८ प्रतिशत व्यवसायीहरूले राज्य तथा बैंकक्षेत्रबाट प्राप्त हुने भनिएको राहतमुलक कार्यक्रममा सहभागी हुन पाएनन् । त्यो कार्यविधी बनाउने क्रममा महासंघले पनि पहलकदमी लिएको थियो तर बैंकहरूको लगानी सुरक्षाको विषयलाई मात्रै ख्याल गरेर निर्माण हुँदा त्यसबाट लाभ लिन धेरै व्यवसायीहरूले सकेनन् ।

**तीन चरणको महामारीसम्म आउँदा के यस क्षेत्रमा होटल तथा रेष्टुरेन्ट व्यवसाय सञ्चालन गरेकाहरु पलायन हुने अवस्था पनि सिर्जना भयो ?**

महासंघले ठ्याक्कै तथ्यांकको रूपमा त निकाल्न सकेको छैन् । तर, औसतमा विशेषगरी पोखरामा यो क्षेत्रमा लगानी गरेका धेरै व्यवसायीहरू पलायन भएको देखिन्छ । पोखरा क्षेत्रमा जुनसुकै व्यवसाय गर्दा ठुलो रकम अग्रिम रूपमा बुझाउनुपर्ने र भाडा पनि अत्यन्तै महंगो भएको देखिन्छ । जसले गर्दा यो महामारीको अवधिमा व्यवसायीहरूलाई आफ्नो व्यवसाय थेग्न अत्यन्तै गाह्रो बन्न पुग्यो । यो अवधिमा कतिपय व्यवसायीहरूले व्यवसाय छोड्ने र भाग्ने गरेको अवस्था देखापऱ्यो । पछिल्लो महामारीले पुन: होटल तथा रेष्टुरेन्ट व्यवसायमा थप जटिलता सिर्जना गरेको छ । अनौपचारिक रूपमा झण्डै २५ प्रतिशत साना ठुला व्यवसायीहरू आफ्नो व्यवसायबाट पलायन भएको कुरा हामीले भन्दै आएका छौं ।

**कोरोना महामारीले झण्डै ३ वर्ष प्रभावित गरिसक्यो । अब महामारीको समयमा यस्ता होटल तथा रेष्टुरेन्ट व्यवसायलाई अनुकुलन ढंगले कसरी सञ्चालन गर्न सकिन्छ भनेर छलफल गर्नुभएको छैन ?**

मैले अगाडि पनि केही भने, हामीले जुनसुकै ढंगले कोरोनामैत्री वा सरकारले निर्धारण गरेको मापदण्ड अनुसार सञ्चालन गर्छौं भनेतापनि जब पाउनाहरू नै आउनुहुन्न भने सो अनुसारको सेवा प्रदान गर्ने अवसर नै रहँदैन् । भलै हामीले नेपाल सरकारले तय गरेको स्वास्थ्य मापदण्डलाई पालना गरेर व्यवसाय सञ्चालन गरिरहेका छौं ।

> धितो सम्पन्न भएका र सिमित पहुँचवाला व्यवासायीहरुले मात्रै सहुलियतपुर्ण तथा पुर्नकर्जा प्राप्त गर्ने अवस्था सिर्जना भयो । झन्झटिलो कार्यविधीका कारण झण्डै ९८ प्रतिशत व्यवसायीहरुले राज्य तथा वित्तीय क्षेत्रबाट प्राप्त हुने भनिएको राहतमुलक कार्यक्रममा सहभागी हुन पाएनन् ।

**होटल व्यवसायी महासंघले के कस्ता कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ ? सन्निकट भविष्यका लागि के कस्ता कार्यक्रमहरु अगाडि सार्नुभएको छ ?**

होटल व्यवसायी महासंघ साना, मझौला र ठुला होटलहरूलाई संगठित गर्ने राष्ट्रिय संगठन हो । राज्यको पुर्नसंरचनाअनुसार हामीले प्रदेश स्तरको पनि महासंघ गठन गरेका छौं । त्यस्तै जिल्ला र पालिका तहसम्मको संरचना हामीले निर्माण गरेका छौं । अहिलेसम्मको अवस्थामा महासंघमा ८२ हजार व्यवसायीहरू संगठित भएका छन्, अझै यसको विस्तार हुने क्रम निरन्तर जारी रहेको अवस्था छ । पहिला होटल व्यवसायीहरूको संगठनको रूपमा हान मात्रै रहेको अवस्था थियो, जसले विदेशी पर्यटकहरूलाई सेवा दिने स्टार लेबलका होटललाई मात्रै संगठित गर्ने गर्दथ्यो । देशभरी छरिएर रहेका धेरै साना तथा ठुला होटलहरू संगठित हुने र आफ्नो अधिकारको विषयलाई अगाडि बढाउने कुरामा कमि रहेको महसुस गरी महासंघको स्थापना गरिएको हो । त्यसैगरी महासंघले संघ, प्रदेश, जिल्ला र पालिका तहमा छरिएर रहेका सम्पुर्ण होटल व्यवसायीहरूलाई संगठित गर्ने प्रक्रियालाई अगाडि बढाएका छौं । सँगै महासंघले सो व्यवसायको प्रवर्द्धन गर्ने उद्देश्यले विभिन्न महोत्सव र कार्यक्रम सञ्चालन गर्ने गरेको छ । अहिले महामारीको कारणले नियमित रूपमा हुनसक्ने हाम्रा कार्यक्रमहरू पुर्ण रूपमा प्रभावित हुन पुगेका छन् ।


- जाडो मौसममा सवारी दुर्घटनाको जोखिम बढी हुनसक्छ ।
- सावधानीपूर्वक सवारी साधन चलाऔं ।
- हुस्सु, कुहिरो, शीतलहरको बेला बत्ति बालेरमात्र सवारी साधन चलाऔं ।
- सवारी साधन चलाउँदा मादक पदार्थ सेवन नगरौं ।
- सवारी चालकले मादक पदार्थ सेवन गरेको शंका लागेमा प्रहरीको नि:शुल्क टेलिफोन नं. १०० र १०३ मा खबर गरौं ।

आफू पनि बचौं, अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




(Opinion piece by Yohei Sasakawa)

Don't forget leprosy

## "DON'T FORGET LEPROSY"

The last Sunday in January is World Leprosy Day. Since 2006, I have issued an annual Global Appeal calling for an end to stigma and discrimination against persons affected by leprosy, endorsed by a different set of individuals and organizations each year. During the coronavirus pandemic, I believe this call to eliminate stigma and discrimination is more important than ever.

Leprosy, also known as Hansen's disease, is a chronic infectious disease caused by the bacillus Mycobacterium leprae. It mainly affects the skin and peripheral nerves and is said to be one of the oldest diseases in human history. Each year, around 200,000 new cases are reported globally.

Today an effective treatment exists in the form of multidrug therapy (MDT) and with early detection and treatment, the diseasecan be cured without complications. But if treatment is delayed, leprosy can cause progressive impairment and lead to permanent disability.

Today there are an estimated 3 to 4 million people living with some form of disability due to leprosy. This, together with deep-seated fears and misperceptions about the disease, has subjected persons affected by leprosy and even their family members to severe discrimination, which continues to this day.

Since becoming WHO Goodwill Ambassador for Leprosy Elimination in 2001, I have visited some 120 countries to see the situation for myself, includingNepal.

These overseas missions have led me to think of leprosy in terms of a motorcycle: the front wheel symbolizes curing the disease, and the back wheel represents eliminating discrimination. Unless both wheels are turning together, we will not reach our ultimate goal of zero leprosy.

As regards the front wheel, efforts against the disease, including new case detection, have been badly disrupted by the spread of the novel coronavirus and efforts to prevent transmission. In 2020, the number of new cases reported was down some 37% year on year, with Nepal experiencing a decrease of some 40%, according to the WHO, largely due to the impact of COVID 19.

Concerning the rear wheel, I have worked hard to have leprosy recognized internationally as a human rights issue since the early 2000s, when I first approached the Office of the UN High Commissioner for Human Rights. One result has been the adoption in 2010 by the UN General Assemblyof a resolution on elimination of discrimination against persons affected by leprosy and their family members.

But the real measure of success will be when principles and guidelines accompanying the resolution are fully implemented. Because of the pandemic, however, awareness-raising efforts in many areas have stalled, and some people affected by leprosy and their families find that COVID-19 is exacerbating the discrimination they already experience because of leprosy.

This is why last August I launched a campaign called "Don't forget leprosy" to ensure that leprosy and those affected by the disease are not ignored, even amid the pandemic, and to stress the importance of early detection and treatment, as well as the need to eliminate stigma and discrimination.

The term 'don't forget' covers many things: that leprosy still exists; that people affected by leprosy and their families still face stigma and discrimination; and that there are healthcare professionals doing their best in difficult circumstances to provide needed services.

It is my hope that people all over the world will join this campaign and speak out from their own perspective on why leprosy should not be forgotten. Individual voices may only carry only so far, but together they can be heard everywhere.

The past half-century has brought us closer to a world without leprosy, but our work is not yet done. If we are to continue to make progress, we need people all over the world to get involved in the "Don't forget leprosy" campaign and speak out from their own perspective on why we cannot afford to neglect leprosy and those affected by the disease.

As individuals our voices only carry so far, but together we can make ourselves heard everywhere. I sincerely hope that you will add your voice to this effort.

**YOHEI SASAKAWA**
WHO Goodwill Ambassador for Leprosy Elimination
Japanese Government Goodwill Ambassador for the Human Rights of Persons Affected by Leprosy
Chairman, The Nippon Foundation

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन) मुद्रक: रोशन अफसेट प्रेस, भक्तपुर, सम्पादक: **मदनकुमार श्रेष्ठ**